**भादगाउँ टेलिभिजन**

सूर्यविनायक-६, भक्तपुर

०१-६६२०२४०, ९८६५३६८३०६

**आवश्यकतासम्बन्धी सूचना**

यस टेलिभिजनको लागि कर्मचारी आवश्यक भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले कार्यालय समयभित्र हस्तलिखित निवेदनसहित आवेदन दिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| पद | : बजार प्रतिनिधि |
| पद सङ्ख्या | : १ जना |
| शैक्षिक योग्यता | : प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण (कम्प्युटरसम्बन्धी ज्ञान भएको) |
| परीक्षाको किसिम | : प्रयोगात्मक र अन्तर्वार्ता |
| विशेष ग्राह्यता | : सवारी साधन चलाउन जान्ने |
| अन्तिम दर्ता मिति | : २०८३ जेठ १ गतेसम्म |
| आवेदन शुल्क | : रु.१००।- |



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १०५ ★ ने. सं. ११४६ बछला गा, षष्ठी★ शुक्रबार ★ २५ वैशाख, २०८३ ★ May 8, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# ऐतिहासिक कमलपोखरी कायम गर्नुपर्ने सम्पदाप्रेमी जनताको माग




काठमाडौँ, २४ वैशाख । थँबही (ठमेल) स्थित ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्व बोकेको कमलपोखरी पुरेर बनाइएको छायादेवी व्यापारिक भवन भत्काउन माग गर्दै बिहीबार माइतीघर मण्डला, काठमाडौँमा सम्पदा संरक्षण समाज नेपालले बिहान ९ बजेदेखि ११:३० बजेसम्म धर्ना दियो ।

कार्यक्रममा सम्पदाप्रेमी जनताले प्ले कार्ड र ब्यानर प्रदर्शन गरेका थिए । धर्नामा सम्पदाप्रेमी प्रदर्शनकारीहरूले ठमेलको सार्वजनिक कमलपोखरी संरक्षण गर, कमलपोखरीमा निर्मित छाया सेन्टर व्यापारिक भवन तुरुन्त भत्काऊ, भूमाफियाहरूलाई कारबाही गर, सम्पदाप्रेमी जनता एक होऔँलगायतका नारा लगाएका थिए ।

धर्ना कार्यक्रमको समापनमा सम्पदा संरक्षण समाज नेपालका सदस्य नारायण महर्जनले समाजले देशका सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्व बोकेको सम्पदा संरक्षण गर्न लागिपरेको बताउँदै आज पेसीको दिन कमलपोखरी सार्वजनिक कायम गर्न, गराउन नेपाल सरकार र सर्वोच्च अदालतको ध्यानाकर्षणको लागि कार्यक्रम गरेको बताउनुभयो ।

उहाँले नेपाल सरकारले सर्वोच्चको आदेश पर्खने होइन कमलपोखरी पुरेर बनाएको छाया सेन्टर तत्काल भत्काउन माग गर्नुभयो ।

वैशाख २४ गते बिहीबार सर्वोच्च अदालतको पूर्ण ९ नं. इजलासमा न्यायाधीशहरू महेश शर्मा पौडेल, नृपध्व निरौला र मेघराज पोखरेलको बेन्चबाट विपक्षीको निवेदनको आधारमा छाया सेन्टरविरुद्धको पेसी हटाएको हो ।

सर्वोच्चले अर्को पेसी जेठ २१ गते तय गरेको छ ।

# भाषा दिवस २०८३ सम्पन्न




भक्तपुर, २४ वैशाख । वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख अनतिथ्यमा बिहीबार भाषा दिवस कार्यक्रम २०८३ सम्पन्न भयो ।

वाग्मती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय, नेपाल तामाङ घेदुङ र नेवाः देय दबुको सहकार्यमा संयुक्त रूपमा आयोजना भएको उक्त कार्यक्रममा मुख्यमन्त्री बानियाँले भाषा, साहित्य र संस्कृति क्षेत्रमा योगदान पुऱ्याएका नेवारी भाषा साहित्यका डा. पुष्पराज राजकर्णिकार र तामाङ भाषा साहित्यमा योगदान पुऱ्याएका राजेन्द्र थोकरलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले सरकारी कामकाजको भाषासम्बन्धी ऐन कार्यान्वयनमा आएको दिनको अवसरमा बिहीबार विविध कार्यक्रम गरी मनाइएको जानकारी दिँदै भाषा सञ्चारको माध्यम मात्र नभई समुदायको पहिचान, संस्कृति र सभ्यताको आधार भएको उल्लेख गर्नुभयो ।

वाग्मती प्रदेश बहुभाषिक, बहुजातीय र बहुसङ्ख्यक विशेषता बोकेको प्रदेश भएको स्पष्ट पार्दै उहाँले सबै भाषाको संरक्षण र सम्मान आवश्यक रहेको बताउनुभयो ।

मातृभाषाको संरक्षण गर्नु भनेको आफ्नो इतिहास, संस्कृति र पहिचान रक्षा गर्नु हो भन्दै मुख्यमन्त्री बानियाँले संविधानले सुनिश्चित गरेको भाषिक अधिकारको कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाषा दिवसलाई नारा र कार्यक्रममा सीमित नराखी यसको व्यवहारिक कार्यान्वयनतर्फ प्रदेश सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

भाषा लोप हुनु भनेको देशको महत्त्वपूर्ण सम्पत्ति लोप हुनु हो भन्दै उहाँले भाषा र संस्कृति रहेन भने हाम्रो पहिचान नै गुम्दै जाने बताउनुभयो ।

प्रमुख प्रजापतिले भाषा सम्मेलनको आयोजना र स्मारिका प्रकाशनमा जोड दिँदै भक्तपुर नगरपालिकाले पाक्षिक रूपमा

***बाँकी पृष्ठ ८ मा***

# पेसा परिवर्तनले समाजमा पर्ने प्रभाव

समाजवादीहरूमाझ काम र पेसाबारे अनेक छलफल र चिन्तन भएको थाहा हुन्छ । एक व्यक्तिले वर्षौंसम्म एउटै काम गर्दा वाक्कदिक्क लाग्ने हुँदा पेसा फेर्न पाउने वा फेर्न लगाउनु आवश्यक छ भन्ने विचार देखियो । व्यक्तिलाई एक पेसाबाट अर्को पेसामा पठाउँदा पुरानो काममा जस्तो त्यस व्यक्तिको सीप वा कुशलता नयाँ काममा नहुन सक्ने तर्क र व्यावहारिक ज्ञान पनि त्यत्तिकै सत्य हो । एक शिक्षकलाई सिकर्मीको काम नदिए पनि कुनै कार्यालयको कर्मचारी बनाउनु कति उपयुक्त होला भन्नेबारे पनि चिन्तन र व्यावहारिक उदाहरणहरूबारे पनि छलफल गर्नु उपयुक्त हुने देखिन्छ ।

एक शिक्षकलाई सिकर्मीको काम नदिई बैदार, मुखिया, खरिदार वा सुब्बाको काम दिएमा के ती शिक्षकले सफलता हासिल गर्न सक्लान् त भन्नेबारे एकछिन घोत्लिनु मनासिब हुँदैन होला । दुई सय वर्ष पहिलेका समाजवादीहरूको चिन्तन र छलफल आज सजिलै व्यावहारिक नहोला तर नेपालको वर्तमान समयमा छलफलको विषय भने बन्न सक्ला ! एक जना एम. डी. गरेका र अनुभवी डाक्टरले कानुनको अध्ययन गरी अदालतमा बहस गरी २-४ वटा मुद्दा जितेको उदाहरणले एक शिक्षकले वा पत्रकारले कानुनको अध्ययनपछि वकालत गरी वकालत पेसामा राम्रै सफलता हासिल गर्न सक्लान् भनी अनुमान गर्न कठीन हुन्छ ।

एम. डी. गरेका डाक्टरको शिक्षाको जग अब्बल थियो होला; भाषा र विषयवस्तुमा राम्रो दखल होला भन्दैमा एक जना शिक्षक वा पत्रकार राम्रो वा सफल वकिल बन्न सक्लान् भनी ठोकुवा गर्नु अलि हतारिएको निष्कर्ष होला ! एक राम्रो शिक्षक जसरी एक राम्रो कलाकार बन्न सक्ने ठोकुवा गरिन्न त्यस्तै एक कलाकार एक खेलाडी बन्न सक्दैन । त्यसको कारण हरेक व्यक्तिको पृष्ठभूमिसँग सम्बन्धित हुन्छ । राम्रो लेखक सफल वक्ता हुन पनि सक्छ, नहुन पनि सक्छ । तर, राम्रो वक्ता उत्कृष्ट लेखक र राम्रो लेखक वक्तृत्वकलामा पारङ्गत नहुन पनि सक्छ ! यसकारण, पेसा रोज्ने र पेसामा परिवर्तन गर्दा व्यक्तिले आफ्नो अनुहार नदेखेजस्तै आफ्नो क्षमताबारे थाहा नपाउने हुँदा अरुको सल्लाहले काम गरेका उदाहरणहरू धेरै पाइन्छन् । आफूलाई दुई तीन विषयको समान हिसाबले जानकारी भएको ठान्ने व्यक्तिको परीक्षाफलमा सबै विषयमा समान परीक्षाफल हुने गर्दैन । सबै सफल व्यापारी अर्थशास्त्री हुँदैनन् र सबै अर्थशास्त्री पनि सफल व्यापारी हुँदैनन् । ज्ञानका पनि फरक पक्ष हुन्छन् भने पेसाको कुशलता पनि समान हुँदैनन् ।

व्यवहारमा राम्रा पत्रकार र लेखक वक्तृत्वकलामा कमजोर देखिएका धेरै उदाहरण छन् । कवि सिद्धिचरणको कविताबारे पाठकहरू सबै मन्त्रमुग्ध हुन्छन् तर उहाँले बोल्नुहुँदा स्रोताहरूलाई एक एक शब्द सुन्नको निम्ति पर्खनुपर्ने हुन्छ । त्यही विषय कविता र लिखित भाषणमा आउँदा पाठकहरू बढी रमाउँथे र रसास्वादन गर्थे । आफूले आफ्नो मुख नदेखेजस्तै आफ्नो खुबी र कौशल आफूलाई भन्दा दर्शक, स्रोता र अनुभव गर्नेहरूलाई थाहा हुन्छ । आत्मगत दृष्टिकोणभन्दा अरुको राय महत्त्वपूर्ण हुने गर्छ । अर्को भाषामा कम बोल्ने व्यक्तिभन्दा फरासिला व्यक्तिबारे प्रत्यक्षदर्शीहरूलाई मूल्याङ्कन गर्न सजिलो हुनु स्वयम्सिद्ध छ ।

माथिका छलफलबाट के थाहा हुन्छ भने कुनै व्यक्ति आफ्नो पेसाबाट विरक्तिएको छ भने उसले अर्को पेसा रोज्नु स्वाभाविक हो र त्यसलाई अरुले रोक्नु हुन्न तर रोज्नुभन्दा पहिले नयाँ पेसाबारे राम्रो जानकारी हुनु आवश्यक हुन्छ । त्यसो नगर्दा नेपालमा नयाँ गल्लावाल (म्यानपावर कम्पनीका) एजेन्टहरूको मीठा-मीठा कुराहरूको विश्वासमा घर-खेत बन्धकी राखी लाखौँ रुपैयाँ खर्च गरेर विदेश गएको केही महिनापछि नै रुवाबासी गर्ने र घर परिवारसँग माफी माग्ने युवाहरूको कमी छैन । लाखौँ युवाहरू बाध्य भएर सोचेको भन्दा फरक काम गर्दै वर्षौंसम्म आँसु बगाउँदै थोरै रकम लिएर फर्केका छन् । त्यसो त जोरी-पारीको अगाडि मनको बह नफुकाई फूर्ति गर्ने र सफलताको धाक लगाउनेहरू पनि धेरै देखिए ।

शारीरिक श्रमभन्दा पनि बौद्धिक श्रममा छिटछिटो पेसा बदल्नेहरू बढी पीडित छन् । तर, पुँजीवादी समाजमा पैसासँग आफ्नो काम दाँज्ने हुँदा सय दोब्बर पैसा भएपछि अनेक अपराधसँग जोडिएको पेसालाई पनि राम्रो सम्झनु कालान्तरमा व्यक्तिमात्रै होइन समाजको निम्ति पनि हितकर नहुने विषय जगजाहेर छ । देशको योग्य डाक्टर, इन्जिनियर वा अन्य पेसाका योग्य र कुशल नेपालीहरूलाई विदेश पठाउँदा विदेशीलाई फाइदा होला; नेपालीलाई होइन । कुशल कालिगडसमेत ज्यामी बन्न जानु कुन बुद्धिमानी होला ? विचारणीय विषय हो ।

*१९ मङ्सिर २०८०*

*(5 December 2023)*

*'श्रमिक' साप्ताहिक*

# पत्रकारिता लोकतान्त्रिक समाजको आधारशिला हो

काठमाडौँ, २४ वैशाख । वर्गीय समाजमा पत्रकारिता पनि वर्गीय हुन्छ । समाजमा न्याय र अन्याय हुन्छ । इमानदार, बेइमान हुन्छ । सत्य र असत्य हुन्छ । व्यक्तिगत स्वार्थ र सामुदायिक स्वार्थमा लाग्ने मानिस हुन्छ । दूरदर्शी र अदूरदर्शी हुन्छ । फाइदा र बेफाइदा हुन्छ । शिष्ट र छुद्र हुन्छ । आकर्षण र विकर्षण हुन्छ । सङ्घर्ष र प्रतिकार हुन्छ । स्वार्थी र निःस्वार्थी हुन्छ । विश्वासिला र विश्वासघाती हुन्छ । पवित्र मन र अपवित्र मनको हुन्छ । सही र गलत हुन्छ । कानुनी र गैरकानुनी सङ्घर्ष हुन्छ । सचेत र असचेत हुन्छ । सङ्गठित र असङ्गठित हुन्छ । सक्रिय र निष्क्रिय हुन्छ । हित रअहित हुन्छ । प्रगति र अगति हुन्छ । देशी र विदेशी हुन्छ । देशभक्त र देशविरोधी हुन्छ । विरोधी र समर्थक हुन्छ । अँध्यारो र उज्यालो हुन्छ । राम्रो र नराम्रो हुन्छ । ठीक र बेठीक हुन्छ । यस्तो समाजमा रहेका कुनै पनि नागरिक तटस्थ बन्न सकिँदैन । कसैको पक्षधर भएर वकालत गर्न मिल्दैन भने पनि कुनै न कुनै पक्ष लिनुपर्ने हुन्छ । पत्रकारिता पनि त्यस्तो समाजबाट अलग हुन सकिँदैन । अनि पत्रकारिता कसरी तटस्थ हुन्छ ?

पत्रकारिता न्यायको पक्षमा हुनुपर्छ, सत्यको पक्षमा हुनुपर्छ भन्नु नै कसैको पक्षमा लिएको हुन्छ भन्ने हो । गलत कार्य र नीतिको विरोध गर्नुपर्ने हुन्छ । अन्यायको विरोध गर्नुको अर्थ कुनै पक्षको विरोध गर्नु हो । पत्रकारिता सुशासनको निम्ति हो भने कुशासनको विरोध नगरी हुँदैन । सुशासनको लागि भ्रष्टाचार र अनियमितताको विरोध गर्नैपर्ने हुन्छ । कुनै शक्ति देशले अर्को स्वाधीन र सार्वभौम सानो देशमाथि आक्रमण गर्छ; हस्तक्षेप गर्छ; सीमा मिच्छ भने त्यसको विरोध गर्नैपर्ने हुन्छ । कसैको विरोध गर्ने बित्तिकै त्यहा तटस्थको सवाल उठ्दैन । आस्थाको पत्रकारिता पनि छ

***बाँकी पृष्ठ ८ मा***



**नृत्य तथा झाक्री प्रस्तुत**

भाषा दिवस २०८३ को अवसरमा भक्तपुरमा बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयद्वारा बिहीबार आयोजित कार्यक्रममा नृत्य तथा झाक्री प्रस्तुत गरिँदै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# बिहीबार राष्ट्रिय पत्रकारिता दिवस मनाइयो

काठमाडौँ, २४ वैशाख । बिहीबार राष्ट्रिय पत्रकारिता दिवस मनाइएको छ । विसं १९५८ वैशाख २४ गते पहिलो अखबारका रूपमा 'गोर्खापत्र' साप्ताहिकका रूपमा प्रकाशन भएको दिनको अवसर पारेर २०७३ सालदेखि सरकारले हरेक वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवस मनाउन सुरुआत गरेको हो ।

पत्रकारिता क्षेत्रको समग्र विकास, सामाजिक उत्तरदायित्व र पेसागत तथा व्यावसायिक सुरक्षाको स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । दिवसका अवसरमा बिहीबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रपति भवनमा विशेष समारोहको आयोजना गरेर राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान प्रदान गर्ने कार्यक्रम तय गरेको छ ।

पत्रकारिता दिवस तथा १२६ औँ वर्ष प्रवेशका अवसरमा गोरखापत्र दैनिकले बिहीबार विशेष अङ्क प्रकाशन गरेको छ । 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणी पश्यन्तु मा कश्चिद् दुःखभाग्जन :' को आदर्श वाक्यका साथ गोरखापत्र दैनिक निरन्तर प्रकाशन हुँदै आएको छ ।

यसै अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमल्सिनासहितले शुभकामना सन्देश दिनुभएको छ ।

# ट्राफिक कारबाहीबाट एकैदिन २६ लाख ६० हजार राजस्व सङ्कलन

काठमाडौँ, २४ वैशाख । बितेका २४ घण्टामा दुई हजार १०५ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २६ लाख ६० हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ९९, नियमविपरीत 'राइड सेयरिङ' गरेका १९३, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १३३ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १३९ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १३२, निषेधित क्षेत्रमा हर्न बजाउने ७९, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ८७, एकतर्फी सडकमा सवारी चलाउने ७९ र अन्य सवारी नियम पालना नगरेका एक हजार १६४ जनालाई कारबाही गरिएको हो ।

# ख्वप कलेज अफ इन्जिनियरिङलाई विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायन प्राप्त

भक्तपुर, २४ वैशाख । नेपालको प्राविधिक शिक्षाको इतिहासमा एक महत्त्वपूर्ण अध्याय थपिएको छ । भक्तपुर नगरपालिकाद्वारा वि.सं २०६५ सालमा स्थापित ख्वप कलेज अफ इन्जिनियरिङले विश्वविद्यालय अनुदान आयोग (यूजीसी) बाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation, QAA) प्राप्त गर्दै आफ्नो शैक्षिक यात्रामा ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

विश्वविद्यालय अनुदान आयोगको २०२६ अप्रिल २२ मा (२०८३ वैशाख ९) बसेको बोर्ड बैठकले यससम्बन्धी औपचारिक निर्णय गरेको र सोको औपचारिक जानकारी विश्वविद्यालय अनुदान आयोग, नेपालद्वारा २०२६ अप्रिल २७ (२०८३ वैशाख १४) गतेको पत्रमार्फत गरिएको कलेजले जनाएको छ । यूजीसीद्वारा प्रमाणित यस प्रत्यायनले कलेजलाई गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको रूपमा पुनः पुष्टि गरेको छ । यो एक प्रमाणपत्र मात्र नभई संस्थाको शैक्षिक उत्कृष्टता, पारदर्शिता र समाजप्रतिको सामूहिक प्रतिबद्धताको प्रतीक हो ।

कलेजले स्पष्ट रूपमा उल्लेख गरेको छ कि यो उपलब्धि कुनै एकल प्रयासको परिणाम होइन । भक्तपुर नगरपालिका, कलेज सञ्चालक समिति, आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC), स्व-अध्ययन टोली (SAT), अभिभावक, विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरू, पूर्वविद्यार्थी, उद्योग क्षेत्रका साझेदार तथा रोजगारदाता, शैक्षिक साझेदार तथा अनुसन्धान सहकार्यकर्ताहरू र स्थानीय समुदाय तथा शुभेच्छुकहरूको अथक योगदान यस सफलताको मेरुदण्ड बनेको छ । सरोकारवालाको अटुट समर्थनले नै यो उपलब्धि प्राप्त भएको हुँदा यो उपलब्धि सम्पूर्ण समुदायको साझा गौरवको विषय भएको कलेजले जनाएको छ ।

कलेजका प्राचार्य ई. सुनिल दुवालले भन्नुभयो, "यो प्रत्यायन प्रमाणपत्र मात्र होइन, यो समाजप्रति गरिएको हाम्रो सामूहिक प्रतिबद्धताको पुनः पुष्टि हो । सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै इन्जिनियरिङ उत्कृष्टता हासिल गर्ने हाम्रो मार्गदर्शक दर्शनको प्रमाण पनि हो ।"

ख्वप कलेज अफ इन्जिनियरिङले गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रक्रियामा सहभागी हुन २०८० फागुन ११ गते विश्वविद्यालय अनुदान आयोगमा आशय पत्र पेस गरी मिति २०८१ असार ३० गते स्वअध्ययन प्रतिवेदन पेस गरेको थियो । तत्पश्चात् आयोगद्वारा प्रा. डा. जिवाराज पोखरेलको संयोजकत्वमा गठित समकक्षी परीक्षण टोलीले २०८२ वैशाख ९ गतेदेखि ११ गतेसम्म पूर्व परीक्षण भ्रमण र मिति २०८२ माघ १९ गतेदेखि २२ गतेसम्म पूर्ण परीक्षण भ्रमण सम्पन्न गरी सोको प्रतिवेदन आयोगमा पेस भई सिफारिस भएपछि आयोगले कलेजलाई प्रत्यायन गरेको हो ।

# आर्थिक गणनामा व्यावसायिक प्रतिष्ठानलाई सहभागी हुन आह्वान

काठमाडौँ, २४ वैशाख । राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आह्वान गरेको छ ।

आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने संस्थालाई गणना प्रक्रियामा सहभागी हुन राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत आर्थिक गणना शाखाका निर्देशक डा. वेदप्रसाद ढकालले आग्रह गर्नुभयो ।

मुलुकको आर्थिक गतिविधि प्रस्तुत गर्ने र आर्थिक नीतिनिर्माणमा आधार प्रदान गर्ने उद्देश्यले यही वैशाख २ देखि असार ७ गतेसम्म गणना कार्य जारी छ । उहाँका अनुसार गणनाका क्रममा व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैङ्क तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ ।

व्यावसायिक रूपमा दर्ता भएका करिब चार लाख ८० हजार व्यापारिक संस्था हालसम्म उक्त आर्थिक गणनामा समावेश भएका छन् । यही वैशाख २२ गतेसम्म देशभर ३२ प्रतिशत आर्थिक गणना सम्पन्न भएको निर्देशक डा. ढकालले बताउनुभयो ।

विसं २०७५ मा पहिलोपटक गणना गरिएकामा यसपटक दोस्रो गणना भइरहेको छ । देशको वास्तविक आर्थिक अवस्था मापन गर्ने लक्ष्य राखिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरिवेक्षक खटिएका छन् । सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार-व्यवसाय र सेवा क्षेत्रलाई समेट्न गणकले देशभर स्थलगत विवरण सङ्कलन गरिरहेका छन् ।

सात हजार ४५३ व्यावसायिक प्रतिष्ठानले आफ्नो विवरण आफैँ 'अनलाइन'बाट भर्ने प्रतिबद्धता जनाएका र तीमध्ये एक हजार ६९५ विवरण भरेर गणनामा सहभागिता भएको कार्यालयले जनाएको छ ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ ।

गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समेत समिति गठन गरिएको निर्देशक डा. ढकालले बताउनुभयो ।

# एकमहिने ब्युटी पार्लर तालिम सम्पन्नः सीपलाई व्यवसायमा बदल्न जोड

भक्तपुर, २४ वैशाख । उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको आयोजना तथा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सञ्चालित एकमहिने आधारभूत ब्युटी पार्लर तालिम सम्पन्न भएको छ ।

कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालय प्रमुख रामप्रसाद कुस्मालेले तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सङ्घलाई आभार व्यक्त गर्नुभयो ।

उहाँले उद्योग दर्ता गरी सञ्चालन गरेका उद्योगहरूलाई वाग्मती प्रदेश सरकार, स्थानीय सरकार र सङ्घीय सरकारले प्रविधि हस्तान्तरण सहुलियतपूर्ण कर्जा उत्कृष्ट उद्यमी सम्मानलगायत विभिन्न सुविधाहरू उपलब्ध गराउँदै आएको जानकारी गराउँदै सिकेको सीपलाई थाती नराखी व्यवसायमा बदल्न अनुरोध गर्नुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय सदस्य एवं सङ्घका पूर्वअध्यक्ष वीरेन्द्र जतिले व्यवसाय गर्दा कानुनी प्रक्रिया भित्र रहन सहभागीहरूलाई आग्रह गर्नुभयो । ब्युटी पार्लर मानिसको शरीरसँग प्रत्यक्ष जोडिने संवेदनशील क्षेत्र भएकोले गुणस्तरीय सामग्रीको प्रयोग र म्याद नाघेका सामानहरूबारे सधैँ सचेत रहन उहाँले सुझाव दिनुभयो ।

प्रशिक्षक सुमित्रा श्रेष्ठले प्रशिक्षार्थीहरूको अनुशासन र लगनशीलताको प्रशंसा गर्दै आगामी दिनमा पनि आवश्यक प्राविधिक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । त्यस्तै, प्रशिक्षार्थीको तर्फबाट रश्मी हालेयो जोशीले छोटो समयमै धेरै सीप सिक्न पाएकोमा खुसी व्यक्त गर्दै थप दक्षताका लागि एडभान्स तालिमको व्यवस्था गरिदिन आयोजकसमक्ष अनुरोध गर्नुभयो ।

सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा उहाँले उद्योग तथा वाणिज्य कार्यालयसँगको निरन्तर सहकार्यको स्मरण गर्नुभयो । यस वर्ष विभिन्न मेला र तालिमहरू सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै उहाँले निकट भविष्यमै थप तालिमहरू सञ्चालन गरिने बताउनुभयो ।

कार्यक्रममा सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले सङ्घले गरिरहेको विविध गतिविधिबारे जानकारी गराउनुभयो भने महिला उद्योग समितिका सभापति कमलेश्वरी खर्बुजाले धन्यवाद ज्ञापन गर्दै तालिमले स्थानीय महिलाहरूलाई स्वरोजगार बन्न र आर्थिक रूपमा सबल हुन टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध

काठमाडौँ, २४ वैशाख । इजरायलस्थित नेपाली राजदूतावासले इजरायल तथा साइप्रसमा रही कोही कसैले पनि अनौपचारिक रूपमा विप्रेषणको काम, कारोबार नगर्न/नगराउन अनुरोध गरेको छ ।

त्यहाँस्थित दूतावासले बुधबार सूचना जारी गरी इजरायल तथा साइप्रसमा रही कसैले त्यस्तो काम कारोबार गरेको भए त्यस्तो कार्य गर्ने, गराउनेको विवरण प्रमाणसहित राजदूतावासमा जानकारी गराउन आग्रहसमेत गरेको छ । यसले अनौपचारिक रूपमा हुने विप्रेषणलाई रोक्ने कार्यमा सहयोग पुग्ने दूतावासको अपेक्षा छ ।

सूचनामा भनिएको छ, "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको लागि विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम कारोबार (हुण्डी) गरेका वा सङ्कलित रकम नेपाल पठाएको गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने व्यवस्था भएबमोजिम राजदूतावासले सोसम्बन्धी सूचना राजदूतावासमा उपलब्ध गराउन समय समयमा सूचना प्रकाशित गर्दै आएको छ ।'

नेपाल सरकार (मन्त्रिपरिषद्) ले गत चैत १३ मा स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीको बुँदा नं ४५ मा एकीकृत 'डिजिटल' सम्पत्ति दर्ता प्रणालीको स्थापना गर्ने, जोखिममा आधारित सङ्केत प्रणाली लागू गर्ने तथा सन्देहात्मक कारोबारको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसन्धान प्रक्रिया अगाडि बढाउने उल्लेख भएको दूतावासको उल्लेख गरेको छ ।

# लागुऔषधसहित दुई जना पक्राउ

काठमाडौँ, २४ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले बाँके र तनहुँबाट लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार नेपालगञ्ज उपमहानगरपालिका-१३ लालापुरबाट खैरो हेरोइनसहित सोही उपमहानगरपालिका-२२ का ३४ वर्षीय अलताब किङवरीया बुधबार अपराह्न पक्राउ परेका हुन् ।

यसैगरी, तनहुँको व्यास नगरपालिका-२ उत्तरशीलाका २९ वर्षीय पूर्णबहादुर थापा गाँजासहित पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय तनहुँबाट खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गर्दा करिब एक किलो गाँजा फेला पारेको थियो हो । उनी पनि बुधबार अपराह्न पक्राउ परेका हुन् ।

सङ्क्षिप्त समाचार

## सांसदहरूको बायोमेट्रिक विवरण सङ्कलन

काठमाडौँ, २४ वैशाख । सङ्घीय संसद्का सदस्यहरूले प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठकको विद्युतीय हाजिरी प्रयोजनका लागि धमाधम बायोमेट्रिक ( जैविक) विवरण दिन थाल्नुभएको छ ।

दुवै सभाका बैठकमा उपस्थितिको हाजिरी विद्युतीय माध्यमबाट अभिलेखमा राख्न जैविक विवरण प्रदान गर्न संसद् सचिवालयले सांसदहरूलाई अनुरोध गरेको थियो । सचिवालयले बिहीबारदेखि यही वैशाख २८ गतेसम्म सांसदहरूलाई सिंहदरबारस्थित विभिन्न समितिको कार्यालयमा उपस्थित भई जैविक विवरण प्रदान गर्न आग्रह गरेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले विगतमा नयाँ वानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रबन्ध गरिएको हाजिरी जेनजी आन्दोलनमा नष्ट भएकाले पुन: विवरण दिन सांसदहरूलाई अनुरोध गरिएको बताउनुभयो ।

उहाँले पहिलो चरणमा सभाका बैठकहरूका लागि विद्युतीय हाजिरीबाट अभिलेख गरिने र क्रमश: समितिका बैठकहरूको विद्युतीय हाजिरी व्यवस्थापन गरिने जानकारी दिनुभयो ।

यही वैशाख २८ गते अपराह्न २:०० बजेदेखि दुवै सदनका बैठक हुँदैछन् ।

## दोस्रो दक्षिण एसिया व्यापार मेला सुरु

काठमाडौँ, २४ वैशाख । दक्षिण एसिया क्षेत्रका उद्योग, व्यापार तथा सेवासम्बन्धी अवसरलाई एकै थलोमा ल्याउने उद्देश्यका साथ बिहीबारदेखि 'दोस्रो दक्षिण एसिया व्यापार मेला २०२६' सुरु भएको छ ।

प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा सुरु भएको सो मेलामा नेपाल, भारत, बङ्गलादेश, भुटान, श्रीलङ्का, माल्दिभ्स, पाकिस्तान र अफगानस्तानका व्यावसायिक समूहको सहभागिता रहेको छ । यही वैशाख २८ गतेसम्म चल्ने सो मेलाको यहाँस्थित विभिन्न देशका राजदूत र उद्योगी व्यवसायीहरूले संयुक्तरूपमा उद्घाटन गर्नुभयो ।

इन्ट्रोडक्शन ट्रेड शोज नेपालको व्यवस्थापनमा सुरु उक्त मेला बङ्गलादेशको उद्योग मन्त्रालय तथा एक्सपोर्ट प्रोमोसन ब्यूरोको सहकार्यमा सञ्चालन भएको हो । मेलालाई भुटानको उद्योग, वाणिज्य तथा रोजगारी मन्त्रालयले समर्थन गरेको छ ।

विभिन्न देशको 'पेभिलियन'राखिएको सो मेलामा सार्क क्षेत्रका पाँच हजारभन्दा बढी उद्यमी व्यवसायी तथा एक लाख बढी स्थानीय अवलोकनकर्ता सहभागी हुने अनुमान गरिएको छ । प्रदर्शनीले निकासीयोग्य वस्तुको प्रवर्द्धन र व्यापारिक समुदायलाई प्रोत्साहन गर्ने विश्वास राखिएको छ ।

प्रदर्शनीमा घरेलु तथा हस्तकलाका सामग्री, रैथाने खाद्यवस्तु, तयारी पोशाक र सौन्दर्य सामग्री, फर्निचर, कृषि उत्पादन, सूचना प्रविधि, घरेलु उपकरण, विद्युतीय सवारी साधनलगायतका सामग्री राखिएको मेला संयोजक सुमन महर्जनले जानकारी दिनुभयो । प्रदर्शनीले उत्पादन तथा सेवाको प्रवर्द्धन, बजार सम्भाव्यता अध्ययन, तथा क्रेता-बिक्रेताबिच सहकार्य विस्तार तथा विभिन्न देशबिच व्यापारिक सम्बन्धलाई मजबुत बनाउने सघाउने अपेक्षा गरिएको उहाँको भनाइ छ ।

## महासङ्घ अध्यक्ष श्रेष्ठले सम्हाल्नुभयो कार्यभार

काठमाडौँ, २४ वैशाख । नेपाल उद्योग वाणिज्य महासङ्घको नवनिर्वाचित कार्यसमितिले कार्यभार सम्हालेको छ । महासङ्घको वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने विधानअनुसार अञ्जन श्रेष्ठ उक्त संस्थाको नेतृत्वमा पुग्नु भएको हो ।

अध्यक्ष श्रेष्ठसँगै निर्वाचित पदाधिकारीले कार्यभार सम्हालेका हुन् । निजी क्षेत्रको मनोबल बढाउने वातावरण निर्माण गर्न सरकारसँग निरन्तर संवाद र सहकार्य गर्ने पदबहालीपछि अध्यक्ष श्रेष्ठले बताउनुभएको छ ।

अध्यक्ष श्रेष्ठलाई निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले महासङ्घमा बिहीबार आयोजित एक सङ्क्षिप्त कार्यक्रममा पद हस्तान्तरण गर्नुभएको हो ।

## चिनियाँ सद्भाव: व्यापारिक भवनमा नि:शुल्क स्थान

मुस्ताङ, २४ वैशाख । चीनको स्वशासित क्षेत्र तिब्बतको ढोङ्पा काउण्टीले उपल्लो मुस्ताङका व्यापारीलाई कोरलास्थित व्यापारिक भवनमा नि:शुल्क स्थानको व्यवस्था गर्ने भएको छ ।

उक्त काउण्टीले लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको समन्वयमा एक वर्षका लागि नि:शुल्क सटर उपलब्ध गराउन सहमति जनाएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसिनर्बु गुरुङले राससलाई जानकारी दिनुभयो ।

नेपाल र चीनबिच व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले भवनका सटर एक वर्षका लागि व्यापारीलाई नि:शुल्क उपलब्ध गराउन चिनियाँ पक्ष सहमत भएको तथा दोस्रो वर्षदेखि शुल्क तिर्नुपर्ने व्यवस्था भएको उहाँले बताउनुभयो ।

उक्त भवनमा व्यापार गर्न चाहने ४५ जनाले नाम दर्ता गराएका छन् । लोमान्थाङ-२ छोसेरका वडाध्यक्ष कर्मा नाम्ग्याल गुरुङले सहजकर्ताको भूमिका निर्वाह गरिरहनुभएको छ । यो वर्ष ५० वटा सटर उपलब्ध हुने वडाध्यक्ष नाम्ग्यालले बताउनुभयो ।

विसं २०८० कार्तिक २७ गतेदेखि उपल्लो मुस्ताङको दुईपालिकाका लागि औपचारिक रूपमा नाका खुल्ला गरिएको थियो । नाका खुलेपछि सीमावर्ती क्षेत्रका स्थानीयले बोर्डर पास लिएका थिए । कोरलानाकामा हाल नेपाल-चीन दशगजा क्षेत्रको नेपाली भूमिमा करिब ७० जनाले त्रिपाल टाँगेर व्यवसाय गर्दै आएका छन् ।



सरकारको विरोधमा बुटवलमा प्रदर्शन गर्दै नेपाल भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरू ।

*तस्बिर : मजदुर दैनिक*

## मेचीनगरमा 'डायलासिस' सेवा लिने बिरामी उच्च

झापा, २४ वैशाख । मेचीनगर नगरपालिकामा डायलासिस उपचार गराइरहेका मिर्गौलाका बिरामीको सङ्ख्या जिल्लाको अन्य पालिकाको तुलनामा अत्यधिक पाइएको छ ।

मिर्गौलाका बिरामीको डायलासिस उपचारका लागि सबैभन्दा धेरै शय्या उपलब्ध गराउँदै आएको भद्रपुरको ओमसाई पाथीभरा अस्पतालमा हाल मेचीनगरका ८५ जना बिरामीले नियमित डायलासिस सेवा लिइरहेका छन् । उक्त अस्पतालमा उपचाररत डायलासिस गराइरहेका बिरामी २२१ जना रहेका छन् । यसमध्ये डायलासिस गराउने मेचीनगरका बिरामीको सङ्ख्या अधिक छ । मिर्गौला प्रत्यारोपण गराएका ६९ जनालाई मेचीनगर नगरपालिकाले मासिक रु. पाँच हजारका दरले निर्वाह भत्तासमेत दिइरहेको छ ।

अस्पतालका व्यवस्थापक मनोज दाहालका अनुसार हाल अस्पतालमा भद्रपुर नगरपालिकाका २७ जना, बिर्तामोड नगरपालिकाका १८ जना, बुद्धशान्ति गाउँपालिकाका १५ जना, अर्जुनधारा नगरपालिकाका १० जना, बाह्रदशी गाउँपालिकाका नौ जना, कनकाई नगरपालिकाका आठ जना, कचनकबल गाउँपालिकाका आठ जना, हल्दिबारी गाउँपालिकाका छ जना र कमल गाउँपालिकाका तीन जनाले नियमित डायलासिस सेवा लिइरहेका छन् ।

छिमेकी जिल्ला इलामका २२ जना, ताप्लेजुङका चार जना, पाँचथरका तीन जना, तेह्रथुमका दुई जना र सुनसरीका एक जनाले समेत अस्पतालबाट डायलासिस सेवा लिइरहेका छन् । अस्पतालमा डायलासिस सेवा नि:शुल्क रहेको अस्पतालका प्रबन्ध निर्देशक बालकुमार पोखरेल साइरामले बताउनुभयो । उहाँका अनुसार हाल २४ शय्यामा २४ वटा मेसिन राखेर बिरामीको डायलासिस सेवा प्रदान गरिरहेको र निकट भविष्यमा शय्या र मेसिन थपेर ५० पुऱ्याउने अस्पतालको लक्ष्य रहेको छ ।

मिर्गौलाले रगत प्रशोधन कार्य गर्न असक्षम भएपछि मेसिनको सहायताले रक्तको शुद्धीकरण गरिन्छ, जसलाई डायलासिस भन्ने गरिन्छ । झापामा छवटा अस्पतालमा मिर्गौलाको डायलासिस सेवा उपलब्ध छ । सबैभन्दा धेरै शय्या र मेसिन भने ओमसाई पाथीभरा अस्पतालमा रहेको छ ।

नि:शुल्क डायलासिस सेवा लिनका लागि चिकित्सक र स्थानीय पालिकाबाट सिफारिस ल्याउनुपर्ने प्रावधान रहेको प्रबन्ध निर्देशक पोखरेलले बताउनुभयो । उहाँले नि:शुल्क सेवा लिन नेपाली नागरिकता र स्वास्थ्य बिमा बोर्डको कार्डसमेत पेस गर्नुपर्ने जानकारी दिनुभयो । अस्पतालमा नियमित डायलासिस गराइरहेका बिरामीहरूमा पुरुष १३९ र महिला ८२ जना रहेका छन् ।

## तीन दिनपछि खुल्यो बीपी राजमार्ग

काभ्रेपलाञ्चोक, २४ वैशाख । बाढीले अवरुद्ध बिपी राजमार्ग तीन दिनपछि खुलेको छ । अस्थायी 'डाइभर्सन' बनाएर यो मार्गमा बिहीबार बिहानदेखि सवारी आवागमन खुलेको हो ।

जिल्ला प्रहरी कार्यालयले वर्षा जारी रहेकाले अत्यावश्यक बाहेक यो मार्गबाट यात्रा नगर्न सम्बद्ध सबैमा अनुरोध गरेको छ । गत सोमबारको वर्षासँगै रोशी खोलामा आएको बाढीले बाटो बन्द भएको थियो । वर्षा हुनेबित्तिकै रोशी क्षेत्रको करिब चार किलोमिटर क्षेत्रमा निर्माण गरिएको अस्थायी डाइभर्सनमा क्षति पुग्ने भएकाले प्रहरीले आवागमन बन्द गराउने गरेको छ । राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा राखिन्छ ।

गत सालको बाढीपहिरोले राजमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी सवारी साधन सञ्चालन गरिएको थियो । हाल उक्त क्षेत्रमा सडक निर्माण भइरहेको छ ।


श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.

सूर्यविनायक-६, भक्तपुर, फोन नं.०१-६६१५१९९

ऋणी सदस्यहरुलाई धितो लिलामसम्बन्धी १५ दिने जरुरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं राष्ट्रिय 'दैनिक' पत्रिकामा सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले यस सहकारीको नाममा धितो बन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा धितो लिलाम बिक्री गर्नको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । सो सम्पत्ति खरिद गर्न इच्छुक फर्म, सङ्घ संस्था, कम्पनी वा व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस सहकारी संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराएको फारम भरी सिलबन्दी बोलपत्र सोही कार्यालयमा पेस गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ऋणीको विवरण | जग्गाको विवरण | ऋणीको विवरण | जग्गाको विवरण |
|---|---|---|---|
| १. **नाम** : ईश्वरी लामा<br>**ना.प्र.नं.** १४२००९<br>**बुबाको नाम** : भोजकुमार लामा<br>**पतिको नाम** : दिनेश लामा<br>**ससुराको नाम** : दान नुर्बु लामा<br>**ठेगाना** : भ.पु.जि वडा नं. १० | ईश्वरी लामाको नाममा कायम भएको मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता रहेको मङ्गलटार ५ नं. वडास्थित कित्ता नं. ११८१ को १९०७.७० वर्ग मि.को जग्गा | २. **नाम** : सुष्मीता कार्की<br>**ना.प्र.नं.** २१-०१-७०-४१४९३<br>**बुबा** : उत्तमबहादुर कार्की<br>**बाजे** : दलबहादुर कार्की<br>**ठेगाना** : रामेछाप जिल्ला, तिलपुङ गाविस वडा नं. २ हाल भक्तपुर, चानपा वडा नं. ५ | सुष्मीता कार्कीको नाममा कायम भएको मालपोत कार्यालय भक्तपुरमा दर्ता रहेको झौखेल गा.वि.स. २ (ख) नं. वडास्थित कित्ता नं. २४१ को १५८.९५ वर्ग मि.को जग्गा |

| ऋणीको विवरण | जग्गाको विवरण | जमानीको विवरण |
|---|---|---|
| ३. **नाम** : दीपेन्द्रराज श्रेष्ठ<br>**बाबुको नाम** : कृष्णलाल श्रेष्ठ<br>**बाजेको नाम** : शंकरलाल श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, नपा वडा नं.८, सिनेमा रोड | उजरी लता सिंहको नाममा कायम भएको मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता रहेको नासिकास्थान साँगा ६ नं. वडास्थित कित्ता नं. २५८८ को ९.९४ वर्ग मि., कित्ता नं. २५६७ को ५९.६२ वर्ग मि., कित्ता नं. २५७९ को ५५.६४ वर्ग मि., कित्ता नं. २५६९ को ३३.७८ वर्ग मि. क्षेत्रफल रहेका जग्गाहरू | **नाम** : उजरी लता सिंह<br>**बुबा** : मङ्गलकृष्ण सिंह<br>**पति** : दीपेन्द्रराज श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, नपा वडा नं.८ |

सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान
**मिति** : २०८३/०२/०८
**समय** : बिहान ११:०० बजे
**स्थान** : सूर्यविनायक-६, भक्तपुर

। सम्पादकीय ।

# सरकारको नीति-निर्णय देश र जनताकेन्द्रित हुनुपर्छ

जनताका आधारभूत आवश्यकता पूर्ति गरेर देश विकास गर्नु सरकारको दायित्व हो । त्यो जिम्मेवारी सरकारले पूरा गर्नुपर्छ । हिजो देश विकास गर्न र जनताका आधारभूत आवश्यकता पूरा गर्न सरकारलाई खबरदारी गर्ने दल रास्वपाको नेतृत्वमा अहिले सरकार छ । जनताको माग सम्बोधन गर्ने जिम्मा रास्वपा सरकारको हो । अबको सरकारका मन्त्री र सांसदहरू कुनै पनि भ्रष्टाचार, कमिसन र अनियमितामा नफसून् भन्ने जनताको चाहना हो । कुनै मन्त्री र सांसदहरूले पर्ती जग्गामा घर बनाएका छन्; पर्ती जग्गा मिचेका छन् भने त्यो छोड्नुपर्छ; छोडेर जनतामा सकारात्मक सन्देश छर्नुपर्छ ।

सत्तामा रहेका राजनीतिक दलका नेता, मन्त्री र सांसदहरू फोहोरको राजनीतिबाट टाढा रहनुपर्छ । कुनै पनि प्रकारको भ्रष्टाचार र अनियमिततामा फस्नु हुँदैन । कुनै नेता, मन्त्री र सांसदहरू आपराधिक क्रियाकलापमा संलग्न छन्; फसेका छन् भने रास्वपाले तुरुन्तै कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ । अपराधमा फसेका, मुछेका अपराधीहरूलाई कसैले पनि छुट दिनु हुँदैन; छुट दिएर हौसला होइन कारबाही गरेर निरुत्साहित पार्नुपर्छ । सञ्चारमाध्यममा रास्वपाबाट निर्वाचित सात आठ जना सांसदहरूले ऐलानी जग्गामा निजी घर ठड्याएर ऐस आराम गरिरहेको समाचार सञ्चारमा आएको छ । उक्त समाचार सत्य हो भने ती सांसदहरूले बनाएका अनियमित घरहरू भत्काउनुपर्छ । नदी किनारा या पर्ती जग्गामा बनाइएका सबै घरहरू अनियमिततामा नै पर्छ ।

सरकारले गरेका हरेक नीति र निर्णय देश र जनताकेन्द्रित हुनुपर्छ । वर्षौंदेखि देशको ढुकुटीमा हात हाल्ने, ढुकुटीभित्र पसेर रजाइँ गर्ने काममा यो सरकार फस्नु हुँदैन । विगतमा गरेका अनियमितता र आपराधिक कार्यबाट मुक्त हुन यो सरकारले असल राजनीतिक संस्कारको विकास गर्नुपर्छ । राजनीतिलाई कमाइ खाने भाँडो बनाउने गलत कार्यबाट सरकार टाढा रहनुपर्छ । भ्रष्टाचार निवारणमा कठोर कदम चाल्नुपर्छ । मुलुक र जनतालाई सर्वोपरि ठानी काम गर्नुपर्छ । विदेशी शक्ति राष्ट्रको लोभलालचमा नफसी, डर धम्कीमा नपरी राष्ट्रियता, स्वाधीनता र सार्वभौमसत्तामा आँच पुग्ने कुनै पनि काममा सरकार टाढा रहनुपर्छ । देशको अनुत्पादक श्रेत्र विकास गर्ने नाउँमा विदेशी ऋण लिने, प्राप्त ऋण र ऋणको कामको लेखा जोखा नगर्दा विकासको त्यो आयोजनामा व्यापक चुहावट हुन्छ ।

देशको अर्थतन्त्र सबल बनाउनुपर्छ । अर्थतन्त्र सबल बनाउन देशमा आवश्यक कलकारखाना तथा उद्योगहरू स्थापना गर्नुपर्छ । आम्दानीको स्रोतमा हुने अनियमितता नियन्त्रण गर्नुपर्छ । सरकारले लिनुपर्ने या बाँकी कर उठाउनुपर्छ । सरकार जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्छ । खाद्यान्नमा आत्मनिर्भर बनाउने नीति सरकारले लिनुपर्छ । सन्तुलित विकासमा जोड दिनुपर्छ । पद, पैसा र शक्तिको आधारमा कसैमाथि दमन गर्ने, विभेद गर्ने, न्याय र समानतामा बाधा पुऱ्याउने, आयस्रोतमा चलखेल गर्ने काममा सरकारले हात हाल्नु हुँदैन ।

साँच्चै गाउँ-बस्तीमा सिंहदरबार पुग्नुपर्छ । बस्ती-बस्तीमा स्वास्थ्योपचार सेवा, औषधि पुग्नुपर्छ । पैसाको अभावमा कुनै पनि बिरामीको अनाहकमा मृत्यु नहोस् भनी आवश्यक बन्दोबस्त गर्नुपर्छ । कामकै निम्ति बिदेसिने बाध्यता अन्त्य गर्न सरकारले स्वदेशमै काम, मामको सुनिश्चित हुने वातावरण तयार गर्नुपर्छ । झण्डै दुईतिहाइ मत प्राप्त गरी बनेको सरकारले बहुमत श्रमजीवी जनताको हित या सेवामा काम गर्नुपर्छ; हित हुने ऐन कानुन बनाउनुपर्छ । युवा जगतले गरेको विश्वासलाई घात नगरी स्वदेशमै रोजगारीको व्यवस्था गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । सरकारले कुनै पनि देशघाती, जनविरोधी कार्य गरेर सत्तासीन दलका नेता, मन्त्री र सांसदहरूको आस्था, विश्वास र इज्जतमा धक्का पुग्ने काम नगरोस् भन्ने कामना जनताले गर्नु स्वाभाविक हो ।

सुधार या परिवर्तनको नाउँमा देश र जनतालाई दूरगामी असर पार्ने कुनै काम नहोस् । देश र जनताभन्दा आफ्नो दल ठुलो सम्झने, ठुलो या बहुमतको नाउँमा अरुलाई अपमान, हेला होचो गर्ने काम हुनुहुँदैन । लडेर प्राप्त भएको अधिकार खोस्ने, खोसेर निरङ्कुशता लाद्नेजस्ता अप्रजातान्त्रिक कदमलाई सरकारले आत्मसात गर्नुहुँदैन । राजनीतिक आडमा कब्जा गरिएको शेरा दरबारको जग्गा फिर्ता ल्याउन मन्त्रालय बाधक हुनुहुँदैन । काठमाडौंको कमलपोखरीमा बनेको छायादेवीको भवन भत्काउन आनाकानी गर्नुपर्दैन । सार्वजनिक जग्गा र पोखरी मिचेर बनाइएको हुँदा सो व्यापारिक भवन भत्काउन अदालतको निर्णय कुर्नुपर्दैन । के रास्वपाको सरकारले छायादवी भवन भत्काएर नयाँ काम गर्छ ? छायादेवी भवन भत्काइएमा सरकारको एउटा सन्देशमूलक काम हुनेछ ।

# संरा अमेरिकामा मजदुर आन्दोलन - १

का. रोहित

सन् १८३० मा संरा अमेरिकामा रेलको बाटो खुल्यो । रेलको बाटोले अलग अलग भएको स्थानीय बजारलाई व्यापक राष्ट्रिय बजारसँग जोडिदियो । त्यसले बन्द व्यापार काम-माम र जीविकालाई बढाइदियो । कल-कारखाना र उद्योगधन्दाको विकास भयो । कोइला, तामा, फलाम, तेल र काठपातहरूजस्ता काँचा वस्तुहरूमा अमेरिका एक नसिद्धिने भण्डार नै थियो । बैङ्क, रेल, यातायात, बीमा र अरू कम्पनीहरू खुल्दै गए । १८४० देखि १८५० सम्ममा अमेरिकामा औद्योगिक क्रान्ति पूरा भयो । औद्योगिक उत्पादनको हिसाबले त्यो विश्वको पाँचौं देश बन्यो ।

सन् १८६० तिर संरा अमेरिकाको जनसङ्ख्या ३ करोड १० लाख थियो । कपडा कारखानामा जम्मा ५३ लाख लट्टाइहरू थिए । इस्पातको गोलो पाताको उत्पादन १ लाख १५ हजार थियो । रेल बाटोको लम्बाइ ४८ हजार किमि थियो । औद्योगिक मजदुरहरू १४ लाख पुगेका थिए । कपडा उद्योग छिटछिटो विकास भइसकेको थियो । त्यसकारण, मजदुरहरूको सङ्ख्या छिट्टै १८ लाख पुग्यो । त्यसमध्ये धेरै यातायातमा काम गर्थे । फेरि ८ लाख खेती मजदुर थिए । उद्योगमा काम गर्ने मजदुरहरूमध्ये एउटा ठुलो भाग केटाकेटीहरूको थियो । ९-१० वर्षका केटाकेटीहरूलाई दिनको १२-१३ घण्टा काममा लगाइन्थ्यो ।


सन् १८६५ सम्ममा औद्योगिक उत्पादनमा संरा अमेरिका विश्वको चौथो श्रेणीमा पुग्यो । १८७० तिर तेल झिक्ने उद्योगको विकास भयो । १ लाख ७० हजार मजदुर त तेलको उद्योगमा काम गर्ने भए । पुँजीवादको जति जति विकास हुँदै गयो उति उति आर्थिक विषमता बढ्दै गयो । धनीहरू झन्झन् धनी हुँदै गए र गरिबहरू झन्झन् गरिब हुँदै गए । उदाहरणको निम्ति फिल्ड भन्ने एक पुँजीपतिको कुरा लिऊँ । त्यस पुँजीपतिको कारखानामा काम गरेको ११ भागमध्ये दुई भागमात्रै त्यसका मजदुरहरूले पाउँथे । अरू सबै पुँजीपतिको पेटमा जान्थ्यो । मजदुरहरूले जति जति काम गर्दै जान्थे उति उति पैसा पुँजीपतिको पेटमा पुग्थ्यो । काम गर्ने मजदुरहरूले एक छाक पनि राम्रो खाना खान पाउँदैनथे । तर, तिनीहरूकै कमाइबाट त्यस कारखानाका मालिकलाई दिनको ९ हजार रूपैयाँ माथिल्लो स्तरको खाना खान पुग्थ्यो । एक मजदुरले दिनको २ डलर ज्याला पाउँथ्यो भने एक मालिकको आम्दानी घण्टाको ५०० देखि ७०० डलरसम्म पुग्थ्यो ।

त्यस पुँजीपतिको ज्यासलमा एक दिनमा लोग्नेमानिस, स्वास्नीमानिस र केटाकेटीहरू गरेर जम्मा १० हजार मजदुर काम गर्थे । सयकडा ९५ मजदुरले हप्तामा १२ डलर अथवा त्यो भन्दा कम पाउँथे । दिनभरि झुकेर सिलाइको काम गर्ने आइमाईहरूले हप्ताको ६ डलर ७५ सेन्ट पाउँथे । त्यसको अर्थ मजदुरहरूले आधा पेटमात्रै खाएर काम गर्नुपर्दथ्यो । दिनभरि काम गरिसकेपछि तिनीहरू आफ्नो छाप्रो डेरामा फर्कन्थे । भोलि फेरि काम गर्न जानैपर्थ्यो । सबभन्दा सस्तो वस्तु सुख्खा रोटी थियो । घ्यू भनेको त साह्रै माथिल्लो खाना थियो । बिहानको खाजा भनेको त कफी र सुख्खा रोटी थियो । दिउँसोको मुख्य खाना एक टुक्रो प्याजसँग रोटी खाइन्थ्यो । सँगै माछाको एक टुक्रो अथवा नरम दूध रोटी हुन्थ्यो । अथवा सखर वा कुनै गुलियो वस्तुसँग रोटी निल्नु पर्दथ्यो । राति एक टुक्रो सुङ्गुर या गाईको मासु, गर्मीमा गन्हाएको तरकारीसँग रोटी खाइन्थ्यो । पिउने कुरामा चियामात्रै हुन्थ्यो । मजदुहरूसँग मुस्किलले एकजोर लुगा हुन्थ्यो । डेराको बहाल कम गर्न एउटै कोठामा पनि ८-१० जवान मजदुर बस्ने गर्थे ।


सन् १८७०-१८८० को बेला संरा अमेरिकाको श्रमिक आन्दोलनको इतिहासमा एक महत्त्वपूर्ण अवधि थियो । मजदुरहरू लामो समयको काम र कम ज्यालाको विरोधमा लड्थे । तिनीहरू आफ्नो पक्षको कानुन बनाउन लगाउन आर्थिक र राजनैतिक सङ्घर्षहरू गर्थे । रेलका बाटोहरू बनाउने र कोइला खानीमा काम गर्ने मजदुरहरूको ठुलठुला हडतालहरू भए । १८७० तिर भएका ती हडतालहरू साह्रै दरो ढङ्का थिए र ती सङ्घर्षहरू कहिले केही सशस्त्र भिडन्तमा समेत बदलिन्थे । अमेरिकी पुँजीपतिवर्ग ती हडताल र सङ्घर्षहरूलाई साह्रै निर्दयतापूर्वक दबाउँथे ।


सन् १८७७ मा संरा अमेरिकामा पहिलोचोटि देशव्यापी रेल बाटोका मजदुरहरूको हडताल भयो । त्यस ऐतिहासिक हडताललाई दबाउन अमेरिकी पुँजीपतिवर्गले सेना र स्वयंसेवक नाउँका हुल्याहा र गुण्डाहरूलाई उपयोग गऱ्यो । पुँजीपतिहरूको प्रेस र अखबारहरूले ती हडतालहरूलाई कम्युनिस्ट षड्यन्त्र भनेर घोषणा गरे र त्यसलाई दबाउन माग गरे । रेललाई रोक्न खोज्ने मजदुहरूमाथि सेनाद्वारा गोली हान्न दिए ।

तर, सरकार र पुँजीपतिवर्गको दमनले अमेरिकी मजदुरवर्ग लत्रेनन् । अरू औद्योगिक मजदुर र किसानहरूले त्यस रेलवे मजदुरहरूको हडताललाई समर्थन गरे । पिटसवर्ग, बाल्टिमोर, शिकागो र अरू मुख्य-मुख्य सहरहरूमा हडताली मजदुरहरू र सिपाहीँहरूको बिचमा चर्काचर्की र भिडन्तहरू भए ।




ती भिडन्तहरूमा कमभन्दा कम तीन सय मजदुर मारिए । पिटसवर्गको सेनाको गोलीबाट मारिएका मजदुरहरूको लास जहाँतहाँ छरिएको थियो । ती मजदुरहरू वास्तवमा आफ्नो न्यायोचित मागका निम्ति लडेका थिए । तर, पुँजीपतिवर्गले मजदुरवर्गको त्यस न्यायोचित मागलाई अपराध सम्झे र गोली चलाएर हत्याकाण्डहरू मच्चाए । त्यस हत्याकाण्डबाट सारा अमेरिकी मजदुरहरूमा ठुलो आक्रोसको लहर फैलेको थियो । एक पुँजीवादी अखबारअनुसारै हत्याकाण्डमा परेका मजदुहरूका आइमाईहरू रोइरहेका थिए र तिनीहरू आफूलाई विधवा बनाउनेहरूलाई सरापिरहेका थिए । यसको अर्थ हो - मजदुरहरूका स्वास्नीमानिसहरू र महिला मजदुरहरूसमेत पुँजीपतिवर्गको अन्याय अत्याचारको विरोधमा सङ्घर्ष गर्दै थिए ।





पुँजीपतिवर्गको निर्दयी दमनबाट संरा अमेरिकाको मजदुर हडताल हाऱ्यो । तर, १८८० तिरको ती हडतालले संरा अमेरिकाको सम्पूर्ण मजदुरवर्गलाई ब्युँझाइदिए । देशभर ८ घण्टाको आन्दोलन सुरु भयो । हडताल र आन्दोलनहरूलाई दबाउन सरकारले आफ्नो सेना र पुलिसलाई प्रयोग गरेर निर्दयताको एक अर्को उदाहरण प्रस्तुत गऱ्यो । त्यस दमनले अमेरिकाको दक्षिणी मुख्य राज्य टेक्सासदेखि मध्य अमेरिकाको सेन्ट लुई राज्यसम्म मजदुरहरूको रगत बग्यो ।

तर, बलिदान खेर गएन । १८८६ मा संरा अमेरिकामा फेरि मजदुर आन्दोलन भयो । ८ घण्टाको कामको दिन, ज्याला बढाउने र अरू मागहरूको निम्ति संरा अमेरिकाका मजदुरहरू जुरमुरिएर उठे । त्यो आन्दोलनलाई पनि पुँजीपतिवर्गले रगतमा डुबाइदियो । त्यस आन्दोलनलाई आज १ मेको आन्दोलनको नामले सबै जान्दछन् । १ मे १८८६ को त्यो आन्दोलन आज मजदुर दिवसको रूपमा सारा संसारमा मनाइन्छ । आज संसारमा धेरै देशका मजदुरहरूले ८ घण्टाको कामको दिन पाएका छन् ।

**१ मेको आन्दोलन**

पुँजीपतिवर्गले मजदुरवर्गलाई जति जति दबाउँदै जान्थ्यो, उति उति तिनीहरू पहिलेभन्दा सङ्गठित र सचेत हुँदै जान्थे । समाजवादी विचारधारा फैलिँदै गयो । एङ्गेल्स फ्रेडरिक एडोलफ सोर्गेमार्फत अमेरिकाको मजदुर आन्दोलनबारे जानकारी राख्नुहुन्थ्यो ।

सन् १८८४ को गर्मी महिनामा फ्लोरेन्स केली विस्चेवेत्की भन्ने २५ वर्षकी एक अमेरिकी केटी जुरिच विश्वविद्यालयमा अध्ययन गर्दै थिइन् । तिनले समाजवादी विचारधारा स्वीकार गरिन् । तिनले एङ्गेल्ससँग उहाँको 'बेलायतमा मजदुरवर्गको अवस्था' भन्ने किताब अमेरिकामा प्रकाशित गर्न अनुमति मागिन् । एङ्गेल्सले त्यस अनुवादलाई सम्पादन गर्ने वचन दिनुभयो । घर फर्कँदा १८८६ को शरद्मा तिनले लण्डनमा एङ्गेल्स भेटिन् । तिनले पनि एङ्गेल्ससँग अमेरिकी मजदुर आन्दोलन र समाजवादी सङ्गठनबारे चिट्ठीपत्र गर्थिन् । ४० वर्ष पुरानो आफ्नो किताब अमेरिकामा छाप्ने कुरोले एङ्गेल्स खुसी हुनुभयो । त्यसबेला अमेरिकाको उद्योगको अवस्था १८४४ तिरकै बेलायतको अवस्थासँग मिल्दोजुल्दो थियो । मजदुरवर्गको अवस्थामा सुधार ल्याउने, कामको दिनलाई छोट्याउने, स्वास्नीमान्छे र केटाकेटीको श्रमको शोषणको विरोध गर्नेजस्ता विषयमा कुरा मिल्दथ्यो । १८८६ को सुरुमा त्यस अनुवादलाई ६ हप्ता लगाएर एङ्गेल्सले सम्पादन गर्दै हुनुहुन्थ्यो ।

त्यसैबेला अमेरिकामा मजदुर आन्दोलन फेरि चर्किंदै थियो । १८८६ को सुरुमै ठुलठुला औद्योगिक केन्द्रहरूमा ८ घण्टाको कामको दिन प्रचार आन्दोलन अगाडि बढ्न थाल्यो । त्यस आन्दोलनमा ३ लाख ५० हजारभन्दा बढी मजदुरहरू सम्मिलित थिए । आन्दोलनले बडो राम्रोसँग सफलता हासिल गर्दै थियो । २९ अप्रिल १८८६ मा एङ्गेल्सलाई एक पत्र प्राप्त भयो । त्यसमा लेखिएको थियो, "पहिलोचोटि त्यहाँ अङ्ग्रेजी बोल्ने मजदुरहरूमा साँचो व्यापक आन्दोलन भएको छ ।... अहिले पनि तिनीहरू अँध्यारोमा छामछाम छुमछुम गर्दै छन्, अस्पष्ट र अचेत छन् जसलाई हटाउन सकेनन् । तर, यो ठीक हुनेछ, आन्दोलनले आफ्नो गल्तीहरूबाट सिक्नुपर्छ र सिक्दै विकास गर्नेछ ।"

***स्रोत : 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट***

# यस्ता हुनुहुन्थ्यो - कार्ल मार्क्स

✍ पौल लाफार्ज



धेरै वर्षसम्म म मार्क्ससँग साँझपख टहलिन गएँ। ह्याम्पस्टिड हिथका फाँटहरूमा घुमफिर गने बेला मैले अर्थशास्त्रको शिक्षा हासिल गरेँ। नजानिँदो ढङ्गले उहाँले मलाई 'पुँजी' को पहिलो खण्डका विषयवस्तु बताउनुभयो; जसरी लेख्नुभयो, त्यसरी नै बताउनुभयो।

घर फर्केपछि मैले सुनेजति कुराको टिपोट बनाइरहेँ। सुरुसुरुमा मलाई उहाँका गहिरा र जटिल तर्कहरू पछ्याउन अप्ठेरो भयो। दुःखको कुरा, मैले ती बहुमूल्य टिपोटहरू जोगाउन सकिन। ( पेरिस) कम्युनपछि पेरिस र बोर्डक्सबाट प्रहरीले मेरा कागजात बरामद गऱ्यो र जलाइदियो।

ती टिपोटहरू गुमाएकोमा मलाई एकदम पछुतो लाग्छ। पर्याप्त प्रमाण र चिन्तन नगरी मार्क्सले केही पनि बोल्नुहुन्थेन। यो उहाँको बानी नै थियो। त्यसरी खोजी निकालेको मानव समाजको विकाससम्बन्धी सिद्धान्त विलक्षण थियो। त्यसबारे हर साँझ उहाँ घण्टौँसम्म बोल्नुहुन्थ्यो। त्यसका टिपोटहरू मैले गुमाएँ। आँखाको नानी गुमाएझैँ भयो। पहिलो पल्ट मैले विश्व इतिहासको तर्क स्पष्ट देखेँ। झट्ट हेर्दा विरोधाभाषपूर्ण लाग्ने समाज र विचारहरूको विकासको नियम पहिल्याउन सकेँ; तिनको भौतिक जग बुझेँ। म बिजुलीझैँ चम्केँ। त्यो अनुभूति वर्षौंसम्म कायम रह्यो।

त्यही प्रभाव पछि मैले म्याड्रिड (१) का समाजवादीहरूमा देखेँ। उनीहरूलाई मैले आफ्नो सीमित बुद्धिले भ्याएसम्म मार्क्सको सिद्धान्तका घतलाग्दा पक्षहरूबारे बताएको थिएँ। मानिसको बुद्धिले वर्णन गरेका विश्वका महानतम् सिद्धान्तमध्ये एक थियो त्यो सिद्धान्त। मेरो व्याख्या सुनेर ती समाजवादीहरू चकित परेका थिए।

*(**टिपोट १ :** पेरिस कम्युनको पराजयपछि लाफार्ज स्पेनको राजधानी म्याड्रिड गएका थिए। मार्क्स र प्रथम इन्टरनेसनलको महापरिषद्ले लाफार्जलाई अराजकतावादी विचार राख्ने बाकुनिनका अनुयायीहरूसँग सङ्घर्ष गर्न स्पेन पठाएका थिए।)*

मार्क्सको दिमाग इतिहास, प्रकृति विज्ञान र दार्शनिक सिद्धान्तका तथ्य-तथ्याङ्कको अविश्वसनीय भण्डारले सुसज्जित थियो। आफ्नो वर्षौंको बौद्धिक अनुसन्धानबाट जम्मा भएको ज्ञान र निष्कर्षहरूको प्रयोग गर्न मार्क्स निकै सिपालु हुनुहुन्थ्यो। उहाँलाई जुनसुकै बेला कुनै पनि विषयमा प्रश्न गर्न सकिन्थ्यो र उत्तरमा अपेक्षा नै नगरेको विस्तृत जवाफ आउँथ्यो। जवाफसँगै उहाँले त्यो विषयको दार्शनिक पक्ष पनि बताउनुहुन्थ्यो। उहाँको दिमाग बन्दरगाहमा चिम्नी बालेर तम्तयार राखिएको युद्धपोत जस्तो थियो; जुनसुकै विचारतर्फ तुरुन्तै दौडिन सक्ने खालको थियो।

निश्चय नै 'पुँजी' ले एक अचम्मै साहसिलो र उत्तम ज्ञान भएको दिमागको झल्को दिन्छ। तर, मार्क्सलाई नजिकबाट चिन्ने मजस्ता व्यक्तिका लागि 'पुँजी' र उहाँका अन्य कुनै पनि रचना उहाँको समस्त ज्ञान र प्रतिभाको हाराहारीमा आउँदैनन्। उहाँ आफ्ना रचनाहरूभन्दा कता हो कता माथि हुनुहुन्थ्यो।

मैले मार्क्ससँग काम गरेँ। म उहाँको नोट टिप्ने लेखनकर्मी मात्र थिएँ। यही बहानामा मैले उहाँको चिन्तन र लेखन शैली अवलोकन गर्ने मौका पाएँ। काम गर्न सजिलो थियो उहाँलाई, तर गाह्रो पनि थियो। सजिलो किनभने उहाँलाई आवश्यक तथ्य र पृष्ठभूमिलाई पूर्णतामा आत्मसात गर्न गाह्रो थिएन। तर, यही पूर्णताले गर्दा उहाँले आफ्ना विचार राख्न लामो र कठिन काम गर्नुपर्थ्यो।

(इटलीका दार्शनिक) भिकोले भने, "सर्वज्ञानी ईश्वरका लागि वस्तु शरीर मात्र हो; मानिसको ज्ञान बोक्रे हुन्छ, त्यसैले वस्तुलाई ऊ सतह मात्र ठान्दछ।" मार्क्स भिकोको ईश्वरभन्दा गहिराइमा गएर विषयमा पकड राख्नुहुन्थ्यो। उहाँले सतह मात्र देख्नुभएन, भित्रको आन्तर्य पनि देख्नुभयो। उहाँले (वस्तुका) सबै अवयवलाई तिनको परस्पर क्रिया र प्रतिक्रियामा केलाउनुभयो। उहाँले सबै अवयवलाई केस्राकेस्रा पार्नुभयो र समग्र वस्तुको विकासको इतिहास पहिल्याउनुभयो। त्यसपछि उहाँ त्यो वस्तुको सेरोफेरोमा जानुभयो र अर्को वस्तुमाथि त्यो वस्तुको प्रतिक्रिया बुझ्नुभयो। उहाँले वस्तुको उद्भव, त्यो के कति परिवर्तन, क्रम विकास र क्रान्तिबाट गुज्रियो भनी पहिल्याउनुभयो। अन्त्यमा उहाँ त्यो वस्तुले पार्ने सबैभन्दा टाढाका प्रभावहरू खोतल्नुभयो। उहाँले कुनै पनि वस्तुलाई त्यसको सेरोफेरोबाट अलग बनाएर वा त्यसभित्रै सीमित पारेर हेर्नुभएन। उहाँले यो अत्यन्त जेलिएको विश्वलाई यसको सतत गतिमा देख्नुभयो।

उहाँ संसारका सबै पत्र खोलेर देखाइदिन चाहनुहुन्थ्यो। संसारका निरन्तर गतिशील क्रिया-प्रतिक्रियाबाट पर्दा हटाएर सबैसामु राखिदिन चाहनुहुन्थ्यो। फ्लुबर्ट र गोन्कोर्टजस्ता साहित्यकारको एउटा अलग्गै धार छ। उनीहरू भन्छन् - आफूले देखेको कुराको सटिक वर्णन गर्न कति गाह्रो छ भने व्यक्तिले छाया वा सतही कुरा लेख्नेभन्दा बढी सोच्नै सक्दैन। मार्क्ससँग तुलना गर्दा उनीहरूको लेखनी केटाकेटी खेल मात्र हो। यथार्थलाई पक्रन र आफूले देखेको कुरा अरूले पनि देख्न सक्ने गरी प्रस्ट भाषामा उतार्न असामान्य पौरख चाहिन्छ। मार्क्स आफ्नो कामबाट कहिल्यै सन्तुष्ट हुनुभएन। बरु उहाँले सदैव केही न केही परिमार्जन गरिरहनुभयो। उहाँले आफ्नो लेखनीलाई जहिल्यै आफूले अभिव्यक्त गर्न चाहेको विचारभन्दा निम्छरो पाउनुभयो।

मार्क्ससँग दुई विलक्षण खुबी थिए। उहाँसँग कुनै वस्तुलाई त्यसका अवयवहरूमा टुक्र्याउन सक्ने अतुलनीय प्रतिभा थियो। अर्कोतर्फ, उहाँले ती टुक्रे अवयवहरूका विकासका विभिन्न स्वरूप केलाएर तिनको आपसी सम्बन्धहरू खोतल्नुहुन्थ्यो र तिनलाई पुनः सग्लो वस्तुमा जोड्नुहुन्थ्यो। यी काममा उहाँ सिद्धहस्त हुनुहुन्थ्यो। उहाँका यस्ता विश्लेषणहरू छाया (वा अमूर्तीकरण) थिएनन्। कतिपय अर्थशास्त्रीहरूले यस्तो आरोप लगाएका छन्। तर, चिन्तनको क्षमता नहुनेहरूले त्यसो भनेका हुन्। उहाँको तरिका ज्यामितिकारको जस्तो थिएन; वरपरबाट आफ्नै परिभाषा निकाल्ने तर निष्कर्ष निकाल्न यथार्थलाई पूर्णतः बेवास्ता गर्ने उहाँको बानी थिएन। 'पुँजी' ले अरूबाट अलग्गिएका बिराना परिभाषा वा सूत्र सिकाउँदैन। बरु, त्यसले एकपछि अर्को गर्दै सर्वथा गहिरो विश्लेषण पेस गर्छ; सबैभन्दा ओझेल पारिएका र पक्रिन नसकिने मिहीन भिन्नताहरू उजागर गर्छ।

मार्क्सले एउटा सादा सत्यबाट सुरु गर्नुभयो - पुँजीवादी उत्पादन पद्धतिको दबदबामा रहेको समाजको धन आफैमा मालको विशाल सञ्चय हो; माल ठोस वस्तु हो, गणितीय छाया होइन, बरु पुँजीवादी धनको आधारभूत तत्त्व वा कोष हो। यसपछि मार्क्स मालमाथि केन्द्रित हुनुभयो; त्यसलाई ओल्टाइपल्टाइ गर्नुभयो, भित्रबाहिर नियाल्नुभयो; अनि एकपछि अर्को गर्दै आधिकारिक अर्थविद्हरूलाई नदेखेका गुप्त सत्य निकाल्नुभयो। क्याथोलिक धर्मका सबै रहस्यलाई जोड्दा पनि यति धेरै र गहिरा कुरा भेटिँदैनन्। माललाई सम्पूर्ण कोणबाट जाँचेपछि मार्क्सले यसलाई अर्को मालसँगको सम्बन्ध वा विनिमयका आधारमा हेर्नुभयो। त्यसपछि उहाँले मालको उत्पादन र उत्पादनका लागि चाहिने ऐतिहासिक पृष्ठभूमिलाई केलाउनुभयो। मालले विभिन्न स्वरूप लिन्छन्। मार्क्सले त्यसमा ध्यान दिनुभयो र कसरी एउटा रूप अर्कोमा फेरिन्छ भनी देखाउनुभयो। एउटा स्वरूप कसरी अर्कोमा फेरिनैपर्छ भनी व्याख्या गर्नुभयो। उहाँले कुनै पनि परिघटनाले लिने तर्कसङ्गत विकासपथलाई कति कुशलतापूर्वक वर्णन गर्नुभयो भने झट्ट हेर्दा मनगढन्ते लाग्न सक्छ। तर, यो यथार्थको उपज हो; मालको वास्तविक द्वन्द्वात्मकताको पुनरुत्पादन हो।

मार्क्स आफ्नो काममा सदा सजग हुनुहुन्थ्यो। आधिकारिक स्रोतबाट नआएको तथ्य-तथ्याङ्कलाई उहाँले कहिल्यै उल्लेख गर्नुहुन्नथ्यो। द्वितीय स्रोतका सूचनामा उहाँ कहिल्यै सन्तुष्ट हुनुभएन। जतिसुकै साह्रोगाह्रो भए पनि उहाँ आफै स्रोतसम्म पुग्नुहुन्थ्यो। एउटा साधारण तथ्य जाँच्नसमेत उहाँ ब्रिटिश म्युजियम धाउनुहुन्थ्यो र अनेक पुस्तकका पाना पल्टाउनुहुन्थ्यो। उहाँका आलोचकहरूले उहाँलाई कहिल्यै लापरबाह प्रमाणित गर्न सकेनन्। उहाँका तर्क राम्ररी नजाँचिएका तथ्यमा आधारित छन् भनी कसैले आक्षेप लगाउन सकेन।


स्रोतसम्मै पुग्ने बानी थियो उहाँको। यही बानीले गर्दा उहाँले नामै नसुनिएका लेखकका रचना पनि पढ्नुभयो। ती लेखकलाई उद्धृत गर्ने एक्ला व्यक्ति बन्नुभयो उहाँ। 'पुँजी' मा यस्ता नाम नचलेका लेखकहरूका धेरै उद्धरण पाइन्छ। यसबाट मार्क्सले आफूलाई अति अध्ययनशील देखाउन खोजेका होलान् भन्ने भान पर्न सक्छ। तर, उहाँको मनसाय अर्कै थियो। उहाँले भन्नुभयो, "म इतिहासप्रति न्याय गर्न चाहन्छु। सबैलाई उसको हकको श्रेय दिन चाहन्छु।" लेखक जति नगन्य वा नाम नचलेको भए पनि कुनै विचार उसले सटिकतापूर्वक अघि सारेको छ भने उसको नाम उल्लेख गर्नुलाई मार्क्सले आफ्नो कर्तव्य ठान्नुभयो।

वैज्ञानिक दृष्टिले मात्र होइन, साहित्यका दृष्टिले पनि मार्क्स उत्तिकै सजग हुनुहुन्थ्यो। भरपर्दो तथ्यलाई आधार नबनाई उहाँ तर्क गर्नुहुन्नथ्यो। यसैगरी, आफूले गहिराइमा गएर अध्ययन नगरेको विषयमा कहिल्यै बोल्नुहुन्नथ्यो। बारम्बार परिमार्जन गरेर सबैभन्दा उत्तम स्वरूप नदिएसम्म उहाँले कुनै पनि पुस्तक प्रकाशित गर्नुभएन। पर्याप्त तयारी नगरी सार्वजनिक रूपमा प्रकट हुन उहाँलाई सह्य थिएन। आफ्ना पाण्डुलिपिहरूलाई अन्तिम स्वरूप नदिँदासम्म अरूलाई देखाउनु उहाँलाई यातनाजस्तै लाग्थ्यो। यसमा उहाँ कति कटिबद्ध हुनुहुन्थ्यो भने एक दिन उहाँले मसित आफ्ना पाण्डुलिपिहरूलाई अधुरो राख्नुभन्दा जलाइदिनु बेस भन्नुभयो।

उहाँको कार्यविधिले गर्दा उहाँमाथि कामको अकल्पनीय भार आइलाग्थ्यो। 'पुँजी' मा उहाँले बेलायती कारखाना कानुनबारे २०-२२ पेज लेख्नुभयो। यसका लागि उहाँले निलो किताबहरूको पुस्तकालय नै पढ्नुभयो। निलो किताबमा इङ्गल्यान्ड र स्कटल्यान्डका कारखाना निरीक्षक र आयोगका प्रतिवेदन छापिएका हुन्थे। उहाँले एक शब्द नबिराई ती प्रतिवेदन पढ्नुहुन्थ्यो; तिनमा पाइने पेन्सिलका चिह्न देख्दा यस्तै लाग्छ। ती प्रतिवेदनहरूलाई मार्क्स पुँजीवादी उत्पादन पद्धतिको अध्ययन गर्नका निम्ति सबैभन्दा महत्त्वपूर्ण र दमदार दस्तावेज हुन् भन्नुहुन्थ्यो। उहाँ ती प्रतिवेदन लेखकहरूका ठुला प्रशंसक हुनुहुन्थ्यो। 'बेलायतका जस्ता योग्य, तटस्थ र अरूलाई सम्मान गर्ने कारखाना निरीक्षकहरू' युरोपका अन्य देशमा पाउन सकिनेमा उहाँलाई शङ्का थियो। 'पुँजी' को भूमिकामा उहाँले तिनीहरूलाई गहकिलो सम्मान दिनुभएको छ।

यिनै निलो किताबबाट मार्क्सले तथ्य-तथ्याङ्कको ठुलो खजाना निकाल्नुभयो। निलो किताब बेलायती सांसदहरूलाई वितरण गरिन्थ्यो। धेरै सांसदले यी किताबलाई निसानेबाजीमा प्रयोग गर्थे। गोलीले कति पाना छेड्यो भनेर उनीहरू गोलीको तागत नाप्थे। कतिपय सांसदले तिनलाई किलोका दरले बेच्थे। तिनको दृष्टिमा प्रतिवेदनबाट छुटकारा पाउने तर्कसङ्गत उपाय यही थियो। यसैकारण, मार्क्सले लङआर्क पुगेर पुरानो कागत बिक्रेताबाट सस्तो मोलमा ती प्रतिवेदन किन्न सक्नुभयो। पुराना किताब र कागजात हेर्न मार्क्स बेलाबेला लङआर्क पुग्नुहुन्थ्यो। प्रोफेसर बिज्लीको भनाइमा मार्क्सले बेलायतका सरकारी छानबिनहरूको सर्वोत्तम उपयोग गर्नुभयो र तिनलाई विश्वको जानकारीमा ल्याउनुभयो। तर, उनलाई के थाहा थिएन भने सन् १८४५ भन्दा अगाडि नै बेलायतमा मजदुरवर्गको अवस्थासम्बन्धी पुस्तक लेख्न एङ्गेल्सले निलो किताबका कैयन् दस्तावेजहरूको मद्दत लिनुभएको थियो।

***(बाँकी भोलि। मोहिनी)***





लेबनानको राजधानी बेरुतको दक्षिणी क्षेत्र ह्यारेट हिरेकमा इजरायली हवाई हमलाले ध्वस्त भएको आवासीय भवनको भग्नावशेषबाट पीडितहरूको उद्धार गर्न खोज्दै उद्धारकर्मीहरू मे ७, २०२६ का दिन । इजरायलले मे ६ का दिन गरिएको उक्त हमलामा कम्तीमा ११ लेबनानी नागरिकहरूको मृत्यु भएको छ ।

*तस्बिर : एएफपी*

# पाकिस्तानविरुद्ध भारतको कडा सन्देश

नयाँदिल्ली, ७ मे (एएफपी) । भारत र पाकिस्तानबिच गत वर्ष भएको भीषण सैन्य तनावको एक वर्ष पूरा भएको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आतङ्कवाद र त्यसलाई संरक्षण गर्ने सम्पूर्ण संरचनाविरुद्ध भारतको अभियान अझै कठोर रूपमा जारी रहने बताउनुभएको छ । उहाँले भारत आफ्नो सुरक्षासम्बन्धी नीतिमा 'पहिलेजस्तै अडिग' रहेको स्पष्ट पार्दै पहलगाम आक्रमणका दोषीलाई जवाफ दिइएको दाबी गर्नुभएको छ ।

गत वर्ष अप्रिल २२ मा भारत प्रशासित काश्मीरको पर्यटकीय क्षेत्र पहलगाममा भएको घातक आक्रमणपछि दुई आणविक शक्तिसम्पन्न छिमेकी मुलुकबिच सम्बन्ध तीव्र रूपमा बिग्रिएको थियो । उक्त घटनामा २६ जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश हिन्दू पर्यटक थिए । भारतले आक्रमणमा पाकिस्तान समर्थित समूहको संलग्नता रहेको आरोप लगाएको थियो, तर इस्लामाबादले त्यसलाई अस्वीकार गरेको थियो ।

त्यस घटनापछि नयाँदिल्ली र इस्लामाबादबिच कूटनीतिक तनावका साथै प्रत्यक्ष सैन्य टकरावसमेत बढेको थियो । भारतले मे ७, २०२५ मा पाकिस्तानभित्र रहेका 'आतङ्कवादी शिविर' माथि लक्षित सैन्य कारबाही गरेको घोषणा गरेपछि अवस्था अझ विस्फोटक बनेको थियो । त्यसपछि दुवै देशबिच हवाई आक्रमण, ड्रोन आक्रमण तथा सीमावर्ती क्षेत्रमा भारी मोर्टार प्रहार भएका थिए ।

गत वर्षको चारदिने सैन्य तनावमा दुवै पक्षका ७० भन्दा बढी मानिस मारिएका थिए । पाकिस्तानले त्यस समयमा भारतीय वायुसेनाका पाँच लडाकू विमान खसालेको दाबी गरेको थियो । तीमध्ये तीनवटा अत्याधुनिक फ्रान्सेली राफेल विमान रहेको इस्लामाबादको भनाइ थियो । भारतले भने आफ्ना विमान क्षतिग्रस्त भएकोबारे कुनै औपचारिक पुष्टि गरेको छैन ।

दुवै देशबिच बढ्दो सैन्य तनाव अन्ततः मे १० मा युद्धविराममा पुगेर रोकिएको थियो । उक्त युद्धविरामबारे सबैभन्दा पहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो 'ट्रुथ सोसल' नेटवर्कमार्फत घोषणा गरेका थिए । त्यसको केही समयपछि भारत र पाकिस्तान दुवैले युद्धविरामको पुष्टि गरेका थिए ।

यद्यपि भारतले त्यसयता युद्धविराम अमेरिकाको मध्यस्थतामा नभई इस्लामाबादसँग प्रत्यक्ष संवादमार्फत भएको दाबी गर्दै आएको छ । नयादिल्लीले काश्मीर र सुरक्षासम्बन्धी विषयलाई दुई देशबिचको द्विपक्षीय मुद्दाका रूपमा मात्रै हेर्नुपर्ने अडान दोहोऱ्याउँदै आएको छ ।

एक वर्षपछि पनि भारत-पाकिस्तान सम्बन्ध सामान्य बन्न सकेको छैन । सीमापार आतङ्कवाद, काश्मीर विवाद र सैन्य अविश्वासका कारण दुवै देशबिच तनाव कायम रहेको विश्लेषकहरूको भनाइ छ । मोदीको पछिल्लो वक्तव्यले भारतले सुरक्षा र आतङ्कवादको मुद्दामा आफ्नो कठोर नीति परिवर्तन नगर्ने स्पष्ट सङ्केत दिएको मानिएको छ ।

# इजरायलले गाजामा जानाजान कुपोषणको सङ्कट निम्त्याएको छ : एमएसएफ

जेनेभा, ७ मे (एएफपी) । अन्तर्राष्ट्रिय आपत्कालीन मानवीय चिकित्सा सेवा (एमएसएफ) ले इजरायलले गाजामा खानालगायतका अत्यावश्यक सहायतामा प्रतिबन्ध लगाई जानाजान सङ्कट निम्त्याएको बताएको छ । जसको कारण शिशु तथा गर्भवती र स्तनपान गराउने महिलाहरूमा नकारात्मक प्रभाव पारी जटिल कुपोषण सङ्कट सिर्जना गरेको जनाइएको छ ।

गाजामा संयुक्त राष्ट्रसङ्घको सहायताको वितरणलाई अवरोध गर्ने अमेरिका र इजरायल समर्थित निजी सङ्गठनले गत वर्ष गरेको हानी नोक्सानीको बारेमा पनि एमएसएफले प्रतिवेदनमा उल्लेख गरेको छ ।

एमएसएफको नामले चिनिने आपत्कालीन मानवीय चिकित्सा सेवाले गाजापट्टीमा चार स्वास्थ्य सुविधाहरूमा सन् २०२४ को अन्त्यदेखि सन् २०२६ को सुरुवातसम्मको अवस्थाको विश्लेषणमा आधारित प्रतिवेदन सार्वजनिक गरेको हो ।

विश्लेषणले कुपोषित आमाहरूबाट जन्मेका शिशुहरूमा उच्च मृत्युदर र गर्भपातलगायतका समस्या देखाएको छ ।

इजरायलले अत्यावश्यक वस्तुहरूको प्रवाहमा नाकाबन्दी र चिकित्सा सुविधाहरूलगायतमा पूर्वाधारमा आक्रमण जारी राखेका कारण यस्तो अवस्था सिर्जना भएको एमएसएफले जनाएको छ ।

असुरक्षा, विस्थापन, सहायतामा प्रतिबन्ध, खाना र चिकित्सा सेवामा सीमितताले मातृ शिशु स्वास्थ्यमा विनासकारी प्रभाव पारेको उल्लेख गर्दै एमएसएफ विज्ञप्तिसमेत जारी गरेको छ ।

दुई वर्षको विनाशकारी द्वन्द्वपछि गत अक्टोबरदेखि युद्धविराम भए तापनि स्थिति अत्यन्त नाजुक रहेको पनि एमएसएफले चेतावनी दिइएको छ ।

यसैबिच एमएसएफले इजरायली अधिकारीहरूलाई गाजामा सहायता र आपूर्तिको निर्बाध प्रवेशलाई तुरुन्तै अनुमति दिन आह्वान गरेको छ ।

एमएसएफले गत जुन र जनवरीको बिचमा खान युनुस र गाजा सहरका अस्पतालहरूमा नवजात सघन स्याहार कक्षमा उपचार गराइरहेका २०० भन्दा बढी आमा र नवजात शिशुहरूबाट तथ्याङ्क सङ्कलन गरेको बताएको छ ।

विश्लेषणले आधाभन्दा बढी महिलाहरू गर्भावस्थाको कुनै न कुनै समयमा कुपोषणबाट प्रभावित भएको पत्ता लगाएको छ भने तीमध्ये एक चौथाइ अझै पनि कुपोषित अवस्थामा रहेको जनाइएको छ ।

कुपोषित आमाहरूबाट जन्मेका ९० प्रतिशत शिशुहरू समय अगावै जन्मेको र ८४ प्रतिशतको जन्मँदै वजन कम भएको प्रतिवेदनले पत्ता लगाएको छ ।

कुपोषणबाट प्रभावित आमाहरूबाट जन्मेका शिशुहरूमा नवजात मृत्युदर कुपोषणबिना आमाहरूबाट जन्मेका शिशुहरूको तुलनामा दुई गुणा बढी भएको एमएसएफले जनाएको छ ।

एमएसएफले अक्टोबर २०२४ र डिसेम्बर २०२५ को बिचमा खान युनुसमा बाह्य रोगी उपचारात्मक आहार कार्यक्रममा भर्ना भएका छ महिनाभन्दा कम उमेरका ५१३ जना शिशुहरूको तथ्याङ्कको आधारमा विश्लेषण गरेको जनाएको छ ।

# मध्यपूर्व सङ्कटको प्रभावबिच सेबुमा आसियान बैठक सुरु

सेबु, ७ मे (एएफपी) । दक्षिण-पूर्व एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) को शिखर सम्मेलन फिलिपिन्सको सेबु सहरमा सुरु भएको छ, जहाँ क्षेत्रीय नेताहरू मुख्य रूपमा मध्यपूर्वमा जारी युद्धका कारण उत्पन्न गम्भीर आर्थिक प्रभावबारे छलफल गर्न भेला भएका छन् । इजरायल र इरानबिचको बढ्दो सैन्य तनावले विश्वव्यापी आपूर्ति शृङ्खलामा अवरोध ल्याएको छ, जसको प्रत्यक्ष असर तेल आपूर्ति, खाद्य मूल्य र व्यापारिक ढुवानीमा परेको छ । यसले दक्षिण-पूर्व एसिया क्षेत्रमा इन्धनको अभाव, महँगी र आर्थिक अस्थिरता बढाएको छ ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोसले यस सम्मेलनलाई 'सीमित र व्यावहारिक एजेन्डा' भएको बताउनुभयो । उहाँका अनुसार अहिलेको प्रमुख आवश्यकता क्षेत्रीय देशहरूबिच आपसी सहकार्य बढाउँदै ऊर्जा सुरक्षा सुनिश्चित गर्नु हो । तर, आसियानसँग आपत्कालीन अवस्थामा तुरुन्तै प्रयोग गर्न सकिने बाध्यकारी ऊर्जा सहकार्य प्रणाली नभएकाले प्रभावकारी निर्णय लिन कठिनाइ हुने देखिन्छ ।

यसैबिच, म्यानमारको राजनीतिक सङ्कट पनि परोक्ष रूपमा छलफलमा आएको छ । सन् २०२१ मा भएको सैन्य कू पछि देश गृहयुद्धमा फसेको छ, जसका कारण म्यानमारलाई आसियानका उच्चस्तरीय बैठकहरूबाट आंशिक रूपमा अलग राखिएको छ । केही सदस्य राष्ट्रहरूले म्यानमारसँग संवाद र क्रमिक रूपमा सम्बन्ध सुधार गर्नुपर्ने धारणा राखिरहेका छन् भने अन्य देशहरूले लोकतान्त्रिक सुधारबिना कुनै पनि पुनःसम्बन्ध सम्भव नहुने अडान लिएका छन् ।

त्यसैगरी, दक्षिण चीन सागरको विवाद पनि सम्मेलनको महत्त्वपूर्ण विषय बनेको छ । ब्रुनाइ, मलेसिया, फिलिपिन्स र भियतनामले उक्त समुद्री क्षेत्रमा आंशिक दाबी गर्दै आएका छन् भने चीनले लगभग सम्पूर्ण क्षेत्र आफ्नो भएको दाबी गर्दै आएको छ । यस विषयमा दुई दशकभन्दा बढी समयदेखि वार्ता चलिरहेको भए पनि अझै कुनै बाध्यकारी आचारसंहिता तयार हुन सकेको छैन, जसले समुद्री सुरक्षा र क्षेत्रीय तनावलाई जटिल बनाइरहेको छ ।

आसियान शिखर सम्मेलनले मध्यपूर्व युद्धको आर्थिक प्रभाव, क्षेत्रीय ऊर्जा सङ्कट, म्यानमाको राजनीतिक अवस्था र दक्षिण चीन सागरको विवादजस्ता महत्त्वपूर्ण विषयहरूमा छलफल गरे पनि ठोस र बाध्यकारी निर्णय आउने सम्भावना कमजोर देखिएको छ ।

# हर्मुज जलमार्गबारे अमेरिकी रणनीतिमा अस्पष्टता

वासिङ्टन, ७ मे (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले इरानसँगको द्वन्द्व र मध्यपूर्वको सुरक्षा अवस्थाबारे पछिल्ला दिनहरूमा विभिन्न फरक-फरक अभिव्यक्ति दिएपछि केही अन्योल उत्पन्न भएको देखिएको छ ।

प्रशासनका अधिकारीहरूले एकातिर अस्थायी युद्धविराम कायम रहेको र सैन्य गतिविधि मुख्यतया रक्षात्मक प्रकृतिको रहेको बताएका छन् भने अर्कोतर्फ आवश्यक परे सैन्य कारबाही पुनः सुरु हुन सक्ने सङ्केत पनि दिएका छन् ।

अमेरिकी रक्षामन्त्री पिट हेगसेथले होर्मुज जलमार्गबाट जहाजहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्न अमेरिकी सेनाले सहयोग गरिरहेको बताएका छन् । उनका अनुसार यो कदम केवल रक्षात्मक उद्देश्यका लागि हो र तत्कालका लागि युद्धविराम कायम रहेको स्थिति छ ।

तर सोही अवधिमा इरान र अमेरिकी सेनाबिच क्षेप्यास्त्र तथा ड्रोन आक्रमण भएको रिपोर्टहरू पनि सार्वजनिक भएका छन्, जसले तनावपूर्ण अवस्था अझै पूर्ण रूपमा अन्त्य नभएको सङ्केत गर्छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सैन्य अभियान आफ्नो उद्देश्यअनुसार सम्पन्न भएको बताउँदै त्यसलाई समाप्त गरिएको उल्लेख गरे । साथै, उनले क्षेत्रीय शान्तिका लागि इरानसँग सम्झौता आवश्यक रहेको र होर्मुज जलमार्ग पुनः सञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो ।

तर, त्यसपछि राष्ट्रपति ट्रम्पले होर्मुज जलमार्गमा सुरक्षा सुनिश्चित गर्ने प्रयासहरूलाई अस्थायी रूपमा रोकिएको जानकारी दिए । उनका अनुसार आगामी दिनमा इरानसँग सम्झौताको सम्भावना मूल्याङ्कन गर्न यस्तो निर्णय गरिएको हो ।

त्यसैबिच, बुधबार बिहान राष्ट्रपति ट्रम्पले यदि इरानले अमेरिकी सर्तहरू स्वीकार नगरेमा सैन्य कारबाही पुनः सुरु हुन सक्ने चेतावनी पनि दिएका छन् ।

विभिन्न अधिकारीहरूका अभिव्यक्तिहरू समय-समयमा फरक-फरक देखिँदा युद्धविरामको वास्तविक अवस्था र अमेरिकी रणनीतिसम्बन्धी स्पष्टतामा केही अस्पष्टता देखिएको विश्लेषण गरिएको छ ।

होर्मुज जलमार्ग विश्वको प्रमुख तेल ढुवानी मार्गमध्ये एक भएकाले यस क्षेत्रको स्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा महत्त्वपूर्ण प्रभाव पार्ने मानिन्छ ।

# श्रीलङ्कामा साइबर अपराधविरुद्धको पछिल्लो कारबाहीमा २३१ जना विदेशी नागरिक पक्राउ

कोलम्बो (श्रीलङ्का), ७ मे (एएफपी) । श्रीलङ्काका प्रहरीले सप्ताहन्तदेखि राजधानीमा जारी गरेको पछिल्लो साइबर अपराधविरोधी काबाहीमा अधिकांश चिनियाँ र भियतनामीसहित २३१ जना विदेशी नागरिकलाई पक्राउ गरेको अधिकारीहरूले बिहीबार बताएका छन् ।

अन्तर्राष्ट्रिय रूपमा अपराधको जालो फैलाई साइबर अपराध गर्दै आएको अपराधिक समूहले अनलाइन क्रिप्टोकरेन्सी घोटाला लगायतका माध्यमबाट वार्षिक अरबौँ डलर बराबरको हिनामिना गरेको जनाइएको छ ।

श्रीलङ्कामा, अधिकारीहरूले गत आइतबारको कारबाहीमा दुई सन्दिग्धसहित १५७ जनालाई पक्राउ गरेको जनाएका छन् । यसैगरी, बुधबार थप ७४ जनालाई पक्राउ गरिएको जनाइएको छ ।

अपराधमा संलग्न व्यक्तिहरू पर्यटन भिसामा श्रीलङ्कामा प्रवेश गरी अवैधरूपमा आपराधिक कार्यमा संलग्न रहेको प्रहरी प्रवक्ता फ्रेडरिक वुटलरले बताउनुभएको छ ।

घोटाला केन्द्रबाट जफत गरिएका कम्प्युटर तथा मोबाइल फोनको फरेन्सिक जाँच गर्न आदेश दिएको जनाइएको छ ।

आइतबार पक्राउ परेका संदिग्धहरूसँग फेला परेका कम्प्युटर र सञ्चार उपकरणहरू पनि अनुसन्धानका लागि पठाइएको अधिकारीहरूले बताएका छन् ।

श्रीलङ्काको एक होटलबाट साइबर क्यामेरा सञ्चालन गरेको आरोपमा अधिकांश चिनियाँ नागरिकसहित १५२ जना विदेशी नागरिकहरूलाई हिरासतमा लिएको एक महिनापछि यो कारबाही गरिएको जनाइएको छ ।

आप्रवासन अधिकारीहरूले गत मार्चमा १३५ चिनियाँ नागरिकलाई यस्तै घोटालाको आरोपमा पक्राउ गरी निर्वासित गरिएको जनाएका छन् ।

यसअघि कोलम्बोस्थित पेइचिङ दूतावासले चिनियाँ नागरिकहरूलाई श्रीलङ्कामा घोटालाको कारबाहीमा संलग्न हुनबाट रोक्न स्थानीय अधिकारीहरूसँग काम गरिरहेको बताएको थियो ।

श्रीलङ्काको दूर-सञ्चार पूर्वाधार, अनुकूल भौगोलिक संरचना र अपेक्षाकृत उदार भिसा नीतिहरूले ठगी गिरोहहरूलाई श्रीलङ्का सक्रिय रहन प्रोत्साहित गरेको दूतावासले जनाएको छ ।

सन् २०२४ मा श्रीलङ्काका अधिकारीहरूले टापुका विभिन्न भागहरूमा साइबर अपराधविरुद्धको कारबाही गरेको आरोपमा २३० जना चिनियाँ नागरिक र २०० जना भारतीय नागरिकलाई हिरासतमा लिएको जनाएको छ ।

# मार्क्सवादले के गर्न सक्छ र के गर्न सक्दैन ?

● ए. जे. हर्न



मार्क्सवाद पुँजीवादलाई मसिनो गरी पर्गेल्नका लागि उपयोग हुने सबैभन्दा शक्तिशाली बौद्धिक विधि हो । शोषण, सङ्कट, वर्गीय संरचना, वर्गीय द्वन्द्व एवम् सामाजिक प्रणाली विकासको ऐतिहासिक स्वरूप ठम्याउनका लागि मार्क्सवाद बराबर अर्को सिद्धान्त अझै बनेको छैन ।

मार्क्सवादलाई केही मानिसहरू 'असफल' भइसकेको पनि भन्ने गर्छन् । कोही कोही गलत तरिकाले बुझ्ने गर्छन् । क्रान्तिको यान्त्रिक सिद्धान्त वा समाजवाद निर्माणको 'ब्लुप्रिन्ट' को रूपमा मार्क्सवादलाई लिने मामलामा भने अक्सर त्यसरी गलत बुझ्ने वा असफल भएको ठान्ने गरिन्छ ।

मार्क्सवादबारे यस्तो गलत बुझाइले दुई प्रकारका त्रुटिपूर्ण प्रतिक्रिया उत्पन्न गर्ने गरेको छ । एकातर्फ आलोचकहरू मार्क्सवादलाई इतिहासबारे प्रस्ट भविष्यवाणी गर्न नसकेको वा समाजवादको सार्वभौम विधि प्रस्तुत गर्न नसकेको निष्कर्ष निकाल्छन् । अर्कोतर्फ कट्टरवादीहरू भने जसरी भए पनि समाजवाद निर्माणको विधि मार्क्सबाटै निकाल्ने जिद्दी गर्छन् । उनीहरू मार्क्सवादलाई कुनै लचिलोपना नभएको कठोर सिद्धान्तको रूपमा अघि सार्दै त्यसैबाट भविष्यका घटनाहरूको ठ्याक्कै अनुमान गर्ने तरिका निकाल्न जोड गर्छन् । मार्क्सबारे बुझाइका यी दुइटै तरिका एउटै खाले गल्तीको जगमा उभिएका छन् । दुइटै शैलीमा मार्क्सको विधिको प्रयोग भएको छैन ।

मार्क्सवादले कहिल्यै राजनीति विस्थापित गर्ने कुरा गरेको थिएन । राजनीतिक सङ्घर्ष कस्तो जमिनमा चल्छ भन्ने प्रस्ट पार्न मात्रै खोजेको थियो ।

**१. मार्क्सवाद कुनै बनिबनाउ 'ब्लुप्रिन्ट' होइन**

मार्क्सवाद सोझै प्रयोग गर्न मिल्ने खालको बनिबनाउ 'ब्लुप्रिन्ट' होइन । न त सिधै गएर मिसिन सकिने वा 'सब्स्क्राइब' गर्न सकिने कुनै प्रस्ट पहिचान नै हो । सैद्धान्तिक अध्ययन र लेखनको क्रममा आफू कुनै व्यवस्था वा पूरै कार्यनीतिको रचना गर्ने खालको 'आर्किटेक्चरल' नभएर विश्लेषणात्मक काममा लागेको बारे मार्क्स प्रस्ट थिए । उनले समाजवादको 'डिजाइन' तयार गर्न खोजेकै थिएनन् । पुँजीवादलाई ऐतिहासिक रूपमा विशिष्ट उत्पादन सम्बन्धको रूपमा बुझ्न र त्यसको आलोचनात्मक अध्ययन गर्न खोजेका थिए ।

आफ्नो प्रसिद्ध पुस्तक 'पुँजी' को दोस्रो जर्मन संस्करणमा उनले लेखेका छन्, "म अमूर्त 'धारणा' हरूबाट आफ्नो विश्लेषणको सुरु गर्दिनँ । मूल्यको धारणाबाट पनि गर्ने कुरा भएन । त्यसो हुँदा मैले कुनै अवधारणालाई टुक्रा पारेर हेर्नुपर्ने बाध्यता पनि पर्दैन ।" *(मार्क्स, सन् १९७३, पुँजी भाग १)*

'पुँजी' पुस्तकको अध्ययन गर्दा धेरैले यो हरफलाई राम्रोसँग ख्याल नगरेको पाइन्छ । त्यसरी अनदेखा गर्नुको परिणाम भने सामान्य नभएर निर्णायकस्तरको देखा पर्ने गरेको छ । मार्क्स वास्तविकतालाई अमूर्त सिद्धान्तहरूको माध्यमबाट व्याख्या र विश्लेषण गर्ने तरिका अपनाउँदैनन् । त्यसको विपरीत वस्तु विनिमय, ज्यालादारी श्रम, पुँजीको सञ्चयलगायत ठोस सामाजिक सम्बन्धहरूबाट मूल्य, अतिरिक्त मूल्य तथा विचारधाराजस्ता सैद्धान्तिक अवधारणातर्फ अघि बढ्छन् । उनी त्यत्तिमै रोकिँदैनन् । ती सैद्धान्तिक अवधारणाहरूबाट फेरि ठोस सन्दर्भमा फर्कन्छन् ।

मार्क्सवादबाट कुनै एउटा निश्चित राजनीतिक कार्यक्रम निकाल्ने प्रयास गलत हो । त्यसले मार्क्सवादको समग्र आशय नै गलत तरिकाले बुझ्ने जोखिममा पुऱ्याइदिन्छ । मार्क्सवाद कुनै निश्चित निर्देशनहरूको थुप्रो होइन ।

सुरु सुरुका मार्क्सवादीहरूले सिद्धान्तको दुरूपयोग गर्न थालेपछि एङ्गेल्सले मार्क्सवादबारे केही सन्दर्भ दोहोऱ्याउनुपर्ने आवश्यकता बोध गरेका थिए । उनले सन् १८९० मा कोनराड स्किम्टलाई लेखेको चिठीमा भनेका छन्, "मान्छेले आफ्नो इतिहास आफै बनाउँछन्, तर इतिहास बनाउँदै गर्दा उनीहरू बाँचेको परिवेशले ठूलो प्रभाव पार्छ... आर्थिक तत्त्व त्यसरी प्रभाव पार्ने एउटै मात्र चीज होइन ।"

एङ्गेल्सको यस्तो स्पष्टीकरणको ठूलो महत्त्व छ । भौतिकवादले राजनीति, संस्कृति, आकस्मिकता वा मानवीय भूमिका निषेध गर्दैन । न त त्यसको न्यूनीकरण नै गर्छ । भौतिकवादले त अझ ती तत्त्वहरू भौतिक परिस्थितिले तोकेको सीमाभित्र रहेर सक्रिय हुन्छन् भन्नेबारे व्याख्या पो गर्छ । त्यसैगरी मार्क्सवादले हामीलाई पुँजीवादी सामाजिक बनोटले सिर्जना गरेका संरचनात्मक अवरोध तथा अवसरहरूबारे बुझ्न मद्दत गर्छ ।

**२. अरू सिद्धान्तको तुलनामा मार्क्सवादले के कुरा राम्रोसँग व्याख्या गर्न सक्छ ?**

मार्क्सवादको सबैभन्दा ठूलो विशेषता यसको विश्लेषणात्मक क्षमतामा छ । यसले हामीलाई शोषणको चरित्र र स्वरूपबारे स्पष्ट रूपमा बुझाउन सक्छ । कसरी सोझै जबरजस्ती नगरी घुमाउरो तरिकाले शोषण हुन्छ भन्ने देखाउन सक्छ । कानुनी रूपमा समानताको व्यवस्था हुँदाहुँदै पनि कसरी यथार्थमा वर्गीय वर्चस्व अस्तित्वमा रहेको हुन्छ भन्ने देखाउँछ । पुँजीवादले आफैभित्र विद्यमान अनेक कारणले कसरी सङ्कटको सिर्जना गर्छ भन्ने बुझाउँछ ।

मार्क्सले 'राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदानको भूमिका' मा आधारभूत रूपमै असाध्यै महत्त्वपूर्ण एउटा हरफ लेखेका छन् । जुन आज पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा भनिएको छ, "मान्छेको चेतनाले उसको अस्तित्व र अवस्था निर्धारण गर्दैन । बरु, त्यसको उल्टो मान्छे बाँचेको सामाजिक अवस्थाले उसको चेतना निर्धारण गर्ने हो ।" *(मार्क्स, सन् १८५९, अ कन्ट्रिबुसन टु द कृटिक अफ पोलिटिकल इकोनोमीको भूमिका)*

मार्क्सको यो हरफलाई बुझ्ने क्रममा मान्छेको भूमिकाको अवमूल्यन गर्नु या त लापरबाही हुन्छ या कपट हुन जान्छ । मार्क्स उदारवादीहरूले जस्तो विचार भनेको भौतिक परिस्थितिभन्दा नितान्त फरक हो भन्ने काल्पनिक कुरा खारेज गर्छन् । मार्क्सवादले कसरी वर्चश्वशाली विचारहरू वर्चश्वशाली वर्गको स्वार्थसँग मिल्छन् भन्ने व्याख्या गर्छ । त्यसरी मिल्नुको पछाडि कसैको चलाखी वा हेराफेरी नभएर सामाजिक सम्बन्धको भूमिका हुने कुरा गर्छन् । ती नै सामाजिक सम्बन्धले बुझाइ, प्रोत्साहन संरचनाहरू एवम् कल्पना गर्नसमेत गाऱ्हो हुनेसम्मका सम्भावनाहरूको दायरालाई तय गर्नेबारे विस्तारमा वर्णन गर्छन् ।

यो सन्दर्भलाई थप प्रस्ट पार्न हामी पुँजीको एउटा उद्धरण लिन सक्छौँ । जसमा भनिएको छ, "औद्योगिक रूपमा धेरै विकास भएको देशले कम विकसित देशलाई उसको भविष्यको तस्बिर मात्रै देखाउन सक्छ ।" *(मार्क्स, सन् १८६७, पुँजी, भाग १, अध्याय २५)*

मार्क्सलाई प्रायः नियतिवादको आरोप लाग्ने गरेको छ । तर, खासमा मार्क्स आफ्नो कृति 'पुँजी' मा समाजवादको भविष्यवाणी गरेका छैनन् । उनले त पुँजीवादको विकासको विश्लेषण गरेका हुन् । उनको दाबी अनुभवजन्य एवम् सीमित पनि छ । उनका अनुसार पुँजीवादमा पनि विकासका प्रवृत्तिहरू अनिवार्य रूपमा लागू हुन्छन् । इतिहासले उनको दाबीलाई भव्यतापूर्वक साबित गरेको छ । तर, पुँजीवादलाई कस्तो प्रणालीले विस्थापन गर्छ भन्नेबारे मार्क्सको अवधारणालाई हामीले कुनै स्वचालित, अपरिहार्य एवम् पूर्वनिर्धारित अवस्थाको रूपमा बुझ्नु हुँदैन ।

**३. मार्क्सले किन समाजवादको 'डिजाइन' गर्न चाहेनन् त ?**

मार्क्सले समाजवादबारे विस्तृत दृष्टिकोण नदिएर टार्न खोजेको व्याख्या पनि यदाकदा सुन्न पाइन्छ । तर, यथार्थ त्यस्तो होइन । खासमा समाजवादको पूर्ण व्याख्या नगरेर मार्क्सले सैद्धान्तिक रूपमा काल्पनिक जगत (युटोपिया) लाई अस्वीकृत गरेका हुन् ।

मार्क्स-एङ्गेल्सले एक ठाउँमा लेखेका छन्, "हाम्रा लागी साम्यवाद भनेको निर्माण गरिने व्यवस्था होइन । वास्तविकताले आफूलाई समायोजन गर्नुपर्ने आदर्श अवस्था पनि होइन । हामी साम्यवादलाई यस्तो गतिशील अवस्था मान्छौँ, जसले वर्तमान अवस्थालाई खारेज गर्छ ।" *(मार्क्स र एङ्गेल्स, सन् १८४६, जर्मन विचारधारा)*

मार्क्स र एङ्गेल्स कुनै सामान्य बयानबाजी गर्दै छैनन् । बरु, आफ्नो विश्लेषण पद्धति स्पष्ट पार्दछन् । साम्यवादलाई कुनै स्थिर मानकको रूपमा नभएर ऐतिहासिक एवम् सापेक्षित रूपमा परिभाषित गर्दै छन् । जसको उदय वर्गसङ्घर्षबाट हुन्छ । त्यस समयमा विद्यमान परिस्थितिले यसको स्वरूप तय गर्छ । संस्थागत विरासत तथा भौतिक परिस्थितिले यसमा निर्णायक भूमिका खेल्छन् । यसको स्वरूप ठ्याक्कै यस्तै हुन्छ भन्नु या त पूरा अनुमान हुन्छ नत्र आदर्शवादी काम हुन जान्छ ।

सन १८६८ मा कुगेल्मानलाई लेखेको पत्रमा मार्क्सले आफ्नो बुझाइलाई थप सशक्त बनाएको भेटिन्छ, "वास्तविक आन्दोलनका प्रत्येक पाइलाहरू दर्जनौँ कार्यक्रमहरूको तुलनामा धेरै महत्त्वपूर्ण हुन्छन् ।" *(मार्क्स, सन् १८६८, लुड्विग कुगेल्मानलाई पत्र)*

उनी सिद्धान्त वा कार्यक्रमविरोधी भएका होइनन् । बरु, कुनै बनिबनाउ सूत्रको विरोधी भएका हुन् । पक्कै पनि सिद्धान्तले प्रवृत्ति, सीमा तथा अन्तर्विरोधबारे बुझाउन त सक्छन् तर जटिल राजनीतिक सङ्घर्ष सञ्चालन गर्न चाहिने व्यवहारिक बुद्धिमत्ताको ठाउँ लिन भने सक्दैनन् ।

**४. क्रान्तिलाई आर्थिक विघटनमा मात्रै सीमित गरेर हेर्न मिल्दैन**

आर्थिक सङ्कटले आफै क्रान्तिकारी चेतना सिर्जना गर्छ भन्ने विश्वास मार्क्सवादमा बारम्बार देखिने गरेको मुख्य विकृतिमध्ये एक हो । मार्क्स आफै भने यसलाई ठाडै खारेज गर्छन् । आफ्नो प्रसिद्ध निबन्ध 'लुई बोनापार्टको अठारौँ ब्रुमेर' मा उनले लेखेका छन्, "मान्छेले आफ्नो इतिहास आफै बनाउँछ । तर, इतिहास बनाउँदा उसले आफूले चाहे जसरी भने बनाउन सक्दैन... ।" *(मार्क्स, सन् १८५२, लुई बोनापार्टको अठारौँ ब्रुमेर)*

उनको यो उद्धरण आज पर्यन्त असाध्यै धेरैपटक उल्लेख गरेको पाइन्छ । तर, यसलाई गम्भीरतासाथ बुझ्ने प्रयास भने ज्यादै कम मात्रै गरिएको छ । मार्क्स यो लेखाइमार्फत सीमित पात्रता (कन्स्ट्रेन्ड एजेन्सी) को सिद्धान्तको व्याख्या गर्दै छन् जसले भन्छ- मान्छे पक्कै पनि जानाजान आफ्ना गतिविधि गर्छ तर त्यसो गर्दैगर्दा गतिविधि गरिने आफ्नो परिवेश वा अवस्था भने छान्न पाउँदैन । सङ्कटले मुक्ति नै ल्याउँछ भन्ने कुनै निश्चित छैन । सङ्कटले अझै कठोर प्रतिक्रिया, विभाजन, अपमान तथा अधिनायकवादी समाधान पनि ल्याउन सक्छ ।

सङ्कटको परिणामबारे एङ्गेल्सले भनेका छन्, "यस्तो अवस्था देखापर्छ जुन कसैले चाहेको पनि हुँदैन ।" *(एङ्गेल्स, सन् १८७६, जोसेफ ब्लखलाई पत्र)*

इतिहासको मतलब फटाफट आर्थिक नियमहरू लागु हुने भनेको होइन । भौतिक परिस्थितिहरूको सीमाभित्र रहेका सामाजिक शक्तिहरूबिचको द्वन्द्वले निकाल्ने अनपेक्षित परिणाम हो । अपरिहार्यता, निश्चितता वा ऐतिहासिक सुनिश्चितताको वाचा गर्ने कुनै पनि खालको 'मार्क्सवाद' खासमा भौतिकवादी नै रहँदैन ।

**५. कट्टरवादको विपक्षमा : मार्क्सवाद र निरपेक्ष सत्यको खारेजी**

मार्क्सको निधन लगत्तैबाट मार्क्सवादलाई सत्यको बन्द प्रणालीको रूपमा व्याख्या गर्ने गलत प्रवृत्ति निरन्तर दोहोरिरहेको देखिन्छ । एङ्गेल्सले यस्तो प्रवृत्तिबारे खुलेर सचेत गराएका छन्, "निरपेक्ष सत्यको जगमा उभिएका सबै सिद्धान्तहरू अनिवार्यरूपमा जडसूत्रीय हुन्छन् ।" *(एङ्गेल्स, सन् १८७८, ड्युहरिङ मतखण्डन)*

कट्टरता वा जडसूत्र कहिल्यै पनि सैद्धान्तिक परिपक्वताको सङ्केत होइन । बरु, बौद्धिक असुरक्षाको सङ्केत हो । साँच्चैको भौतिकवादी सिद्धान्त सदैव संशोधनका लागि खुला हुनुपर्छ । अनुभवजन्य विश्लेषणको जगमा उभिएको हुनुपर्छ । साथै ऐतिहासिक परिवर्तनलाई बुझ्न र समेट्न सक्ने हुनुपर्छ ।

लेनिनलाई केही मानिसहरू बारम्बार मार्क्सवादलाई जडसूत्र ठान्ने प्रवृत्तिको अगुवाको रूपमा व्याख्या गर्न खोज्छन् । तर, वास्तविकता त्यस्तो होइन । खासमा लेनिन मार्क्सवादलाई जडसूत्र ठान्नुको खतरा राम्रोसँग बुझेका मान्छे थिए । उनले लेखेका छन्, "यस्ता प्रश्नहरूको जवाफ सुरुमै 'हो' वा 'होइन' भनेर दिने प्रयास गर्नु हास्यास्पद हुन्छ ।" *(लेनिन, सन् १९२०, वामपन्थी साम्यवाद : एउटा बालरोग)*

लेनिनले क्रान्तिकारी रणनीति सिद्धान्तबाटै निकाल्न सकिँदैन भन्ने राम्रोसँग बुझेका थिए । उनका अनुसार त्यस्तो रणनीतिको विकास ठोस परिस्थितिको ठोस विश्लेषणबाट गर्नुपर्छ । 'ठोस परिस्थितिको ठोस विश्लेषण' भनिएको यो पदावली धेरै पटक दोहोऱ्याउने त गरिन्छ तर व्यवहारिक प्रयोग भने विरलै मात्रै गरिएको छ ।

**६. मार्क्सवादले केको व्याख्या गर्छ ?**

असाध्यै महत्त्वपूर्ण तर एकदमै कम छलफल भएको मार्क्सवादको एउटा सीमा छ । खासमा मार्क्सवादले स्वार्थ वा सरोकारको व्याख्या गर्छ तर त्यसको प्रेरणाको व्याख्या गर्दैन ।

मार्क्सवादले किन बहुसङ्ख्यक उत्पीडितहरूमा पुँजीवादको विनाशको सरोकार हुन्छ भन्ने देखाउँछ । तर, उनीहरू यस्तो चासो र सरोकारलाई ठम्याउँछन् नै भन्ने सुनिश्चितता गर्न भने सक्दैन । चेतनाको विकासलाई विद्यमान संस्थाहरू, विचारधारा, त्रास, आदत, प्रभुत्व तथा ऐतिहासिक अनुभवले तय गरिरहेको हुन्छ ।

सुनिश्चितताको माग गर्नु भनेको एक किसिमको भविष्यवाणीको खोजी पनि हो । मार्क्सवादले भविष्यवाणी दिन सक्दैन ।

मार्क्सवादले क्रान्तिकारी इच्छाशक्ति उत्पन्न गर्ला भनेर आशा गर्नु भनेको सैद्धान्तिक विश्लेषणलाई नैतिकता वा मनोविज्ञानसँग जोडेर भ्रमपूर्ण बनाउनु हो । मार्क्सवादले समाजवाद किन र कसरी भौतिक दृष्टिकोणबाट तर्कसङ्गत छ भन्ने व्याख्या त गर्छ तर कसैलाई पनि त्यसैको पछि लाग्न भने बाध्य पार्दैन । त्यसो गर्न सक्दैन पनि । त्यसको लागि राजनीतिक सङ्गठन, शिक्षा तथा सङ्घर्ष अपरिहार्य हुन्छ ।

**७. समाजवाद**

पुँजीवादजस्तै समाजवाद पनि ऐतिहासिक रूपमा विशेष अवस्था हो । मार्क्सले कहिल्यै पनि पूर्ण समाजमा निर्बाध सङ्क्रमणको परिकल्पना गरेनन् ।

उनले लेखेका छन्, "हामी यहाँ साम्यवादी समाजको चर्चा गर्दै छौँ...त्यस्तो समाज जुन पुँजीवादी समाजको गर्भबाट उत्पन्न हुन्छ ।" *(मार्क्स, सन् १८७५, गोथा कार्यक्रमको आलोचना)*

मुख्य कुरा पुँजीवादको असमानता, सीमा तथा अन्तर्विरोधलाई चिन्नु हो । समाजवाद जन्मँदा आफूमा पुँजीवादका धब्बासहित आएको हुन्छ । यसको स्वरूप विभिन्न समाजमा फरक फरक हुन्छ । यस्तो भिन्नता समाजको विकास, वर्ग संरचना, राज्यको क्षमता तथा राजनीतिक इतिहासमा आधारित हुन्छ ।

समाजवादको सार्वभौम सूत्र खोज्नु भनेको अमूर्त सिद्धान्तको लागि भौतिकवादको परित्याग गर्नु हो । मार्क्सवादप्रति इमानदार रहने हो भने विगतप्रति अन्ध श्रद्धा गर्ने होइन । वर्तमानप्रति मेहनतापूर्वक ध्यान दिनुपर्छ ।

**८. मार्क्सवादले के दिन्छ, के दिँदैन ?**

आज पनि पुँजीवादलाई बुझ्न मार्क्सवाद नै चाहिन्छ । यसले शोषणलाई नैतिकतावादबाट छुट्याएर व्याख्या गर्छ । सङ्कटलाई षड्यन्त्रको सिद्धान्तबाट छुट्याएर बुझाउँछ । दमन र प्रभुत्वबारे भ्रमबाट अलग्याएर बताउँछ । पुँजीवादले किन असमानता सिर्जना गर्छ भन्ने देखाउँछ । यसको अलावा पुँजीवादले कसरी आफ्नै नियममा काम गरिरहेको हुन्छ भन्ने बुझाउँछ ।

मार्क्सवादले नगर्ने भनेको राजनीतिको विस्थापन हो । अर्थात्, यसले राजनीतिको ठाउँ भने लिँदैन । मार्क्सवादले रणनीति छान्ने काम गर्दैन । यसले संस्थाहरू कस्तो हुने र कसरी बनाउने पनि तय गर्दैन । जीतको 'ग्यारेन्टी' गर्दैन । समाजवाद पुस्तकका अक्षरबाट आउँदैन । अन्तर्विरोधहरूबाट यान्त्रिक रूपमा पनि जन्मिँदैन । यसको रचना हुन्छ । त्यस्तो रचना सङ्गठित मानिसहरूले ठोस ऐतिहासिक परिस्थितिको सीमामा रहेर गर्छन् ।

मार्क्सवाद भनेको समाजवाद उत्पादन गर्ने मेसिन होइन । हामीले फेर्न चाहेको संसारलाई बुझ्न सघाउने विधि हो । हामीले यसलाई यत्तिको रूपमा मात्रै लिनुपर्छ । ग्राम्स्कीले आफ्नो 'प्रिजन नोटबुक्स' मा भनेजस्तै 'बुद्धिको निराशा तर इच्छाको आशावादिता' सहित हेर्नुपर्छ । अर्थात्, पुँजीवादको विश्लेषण गर्दा गहिरो असमानता र कठोर नियन्त्रण प्रणालीमा बुद्धिको निराशा देखिन्छ । तर, वास्तविकतासँग हार मान्नुको सट्टा थप सङ्गठित हुँदै, अनुसन्धान गर्दै परिवर्तनको लागि लड्ने आशावादी चाहना पनि सँगै राख्नुपर्छ ।

***'सिम्प्लिफाइड सोसियालिजम' बाट***

# पोखरा विमानस्थल प्रकरण
# १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, २४ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिएर भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १४ जनामाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको छ ।

नेपाल सरकारले ऋणस्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट जम्मा रु. तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे/गराएको पुष्टि भएको अख्तियारको दाबी छ । उक्त भ्रष्टाचार मुद्दामा दुई सचिवसमेत परेका छन् । मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिने गरी सम्झौता गर्ने/गराउने र नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने/दिने कार्कीसहितका व्यक्तिविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो ।

प्रवक्ता अधिकारीका अनुसार अखितयारले कार्कीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु. तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० बिगो कायम गरी मुद्दा दर्ता गरेको छ । कार्कीमाथि सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दाबी गरिएको छ ।

यस्तै अख्तियारले अर्थ मन्त्रालयका तत्कालीन सचिव शङ्करप्रसाद अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपानेमाथि पनि सोही बराबरको बिगो कायम गरी कैद सजायको माग दाबीसहित मुद्दा दर्ता गरेको छ ।

यस्तै, अर्थ मन्त्रालयका तत्कालीन सहसचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव सुरेश आचार्य र तत्कालीन सहसचिव डण्डुराज घिमिरे तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम, नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गत राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर योगेश अर्याल, अर्थ मन्त्रालयका तत्कालीन उपसचिव युगराज पाण्डे र तत्कालीन शाखा अधिकृत उर्मिला भण्डारीविरुद्ध पनि मुद्दा दर्ता भएको छ ।

सोही मुद्दामा चाइना सीएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडका अध्यक्ष वाङ ओ र प्रोजेक्ट म्यानेजर याङ झियाङविरुद्ध पनि मुद्दा दायर गरिएको छ । विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र ठेकेदार कम्पनी चाइना सीएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडको आपसी मिलेमतो, योजना र संलग्नतामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण र ठेकेदार कम्पनीबिच भएको खरिद सम्झौतामा 'कन्ट्याक' मूल्य भित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी त्यस्ता कर, महसुल तथा अन्य शुल्कहरू ठेकेदार कम्पनीले नै प्रचलित नेपाल कानुनबमोजिम तिर्नु/बुझाउनुपर्ने प्रावधान रहेकामा बद्नियत राखी उक्त प्रावधानविपरीत हुने गरी ठेकेदार कम्पनीलाई कर, महसुल तथा अन्य शुल्क छुट दिने भन्ने सर्त राखी सम्झौता गराएको देखिएको अख्तियारले दाबी गरेको छ ।

सोही सम्झौताका आधारमा 'कन्ट्याक' मूल्यभित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी भुक्तानी लिने तर उक्त भुक्तानी लिएको रकममा समावेश भएको करलगायतको महसुल राज्यकोषमा दाखिला नहुने गरी छुट प्राप्त गरी/गराई उक्त चाइनिज कम्पनीलाई दोहोरो लाभ दिएको पाइएको अख्तियारले मुद्दा दर्ता पनि जारी गरेको सूचनामा उल्लेख छ ।

सिद्धि गणेश कर्नर हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

संस्थाको किस्ताबन्दी ऋण उपयोग गरौं

किस्ताबन्दी ऋण




सदस्यहरुको आवश्यकता पुर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।
• मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्ष सम्मको अवधि ।
• त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्ष सम्मको अवधि ।

६.५% ब्याजदरमा

हाललाई पचास लाख सम्मको लगानी
सर्तहरु लागु हुनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# स्वास्थ्य प्रतिष्ठानमा निमित्त निर्देशक नियुक्त

काठमाडौँ, २४ वैशाख । सरकारले 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी भएपछि रिक्त रहेका विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल तथा बोर्डमा निमित्त निर्देशक नियुक्त गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार दैनिक प्रशासनिक तथा स्वास्थ्य सेवा सञ्चालनलाई सहज बनाउने उद्देश्यले रिक्त रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल र स्वास्थ्य बीमा बोर्डमा निमित्त नेतृत्व तोकेको हो ।

स्वास्थ्य मन्त्रालयका अनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा प्रा.डा. समिता पन्त, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा डा. नरेन्द्रविक्रम गुरुङ, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सह प्रा.डा. विनम्र विष्ट नियुक्त हुनुभएको छ ।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा सह प्रा.डा. इन्द्र लिम्बू, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङको निमित्त निर्देशकमा सह प्रा.डा. सुरेश रसाइली नियुक्त हुनुभएको मन्त्रालयले जनाएको छ । भरतपुरस्थित बीपी कोइराला मेमोरियल अस्पताल क्यान्सर अस्पतालको निमित्त निर्देशकमा डा. उमेश नेपाल र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रको निमित्त निर्देशकमा सह प्रा.डा. रवीन्द्रभक्त तिमला नियुक्त हुनुभएको छ । त्यसैगरी, स्वास्थ्य बीमा बोर्डको निमित्त निर्देशकमा शकुन्तला प्रजापति नियुक्त हुनुभएको छ ।

# सर्वोच्च अदालतका प्रधानन्यायाधीशमा सिफारिस भए मनोज शर्मा

काठमाडौँ, २४ वैशाख । संवैधानिक परिषद्को बिहीबार बसेको बैठकले मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको छ ।

लामो समय अधिवक्ताका रूपमा सक्रिय रहँदै आएका शर्मा कानुनी अभ्यास, अनुसन्धान र न्यायिक जिम्मेवारीका विभिन्न तह पार गर्दै सर्वोच्च अदालतसम्म पुगेका हुन् ।

संवैधानिक परिषदले कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाललाई छाडेर चौथो वरीयतामा रहेका मनोज शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने निर्णय गरेको हो ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहीबार अपराह्न भएको बैठकले उक्त निर्णय गरेको हो ।

संवैधानिक परिषद्मा प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभा अध्यक्ष, उपसभामुख, प्रतिपक्षी दल नेता र कानुनमन्त्री रहने व्यवस्था छ ।

सन् १९७० मा वीरगञ्जमा जन्मिएका शर्माले प्रारम्भिक कानुनी शिक्षा नेपाल ल क्याम्पसबाट बीएल पूरा गर्नुभएको थियो । त्यसपछि उहाँले भारतको पुणे विश्वविद्यालयबाट एलएलएम उपाधि हासिल गर्नुभयो भने त्रिभुवन विश्वविद्यालयबाट श्रम कानुन विषयमा विद्यावारिधि (पीएचडी) गर्नुभयो । श्रम कानुनमा उहाँको विशेष रूचि र अध्ययनले उहाँलाई यस क्षेत्रमा गहिरो समझ भएको कानुनविद्को रूपमा चिनाउँछ ।

**पत्रकारिता...**

भन्ने कुरा प्रबुद्ध पत्रकार या सञ्चारकर्मीहरूले भुल्नु हुँदैन । के पत्रकारिता या सञ्चारकर्मीले विस्तारवाद र साम्राज्यवादको विरोध गर्नुहुँदैन ? के थिचोमिचो, दमन र हस्तक्षेपको विरोध गर्नुहुँदैन ? ठुलाले जसलाई जे गरे पनि मौन समर्थन गर्नु नै पत्रकारिताको धर्म हो ? स्वतन्त्रता हो ?

सन्दर्भ राष्ट्रिय पत्रकारिता दिवसको हो । गोरखापत्र प्रकाशन सुरू भएको दिन वैशाख २४ गतेको सन्दर्भ जोडेर सरकारले हरेक वर्ष राष्ट्रिय पत्रकारिता दिवस मनाउँदै आएको हो । नेपाली भाषाको पहिलो समाचारपत्र गोरखापत्र विक्रम संवत् १९५८ वैशाख २४ गतेदेखि प्रकाशन सुरू भएको हो । सरकारले २०७३ सालदेखि यो दिवस मनाउँदै आएको हो । यो दिवसले पत्रकारलाई सधैँ प्रेस अभिव्यक्ति र स्वतन्त्रताको निम्ति प्रेरणा दिन काम गर्छ र गरिरहेको हुन्छ । तर, स्वतन्त्रता, सुशासन, सार्वभौमसत्ता रक्षाको निम्ति हरेक दिन समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित पार्ने, खबरदारी गर्ने पत्रकारिता पेसामा बाधा पुग्ने गरी सरकारले सरकारी विज्ञापनमा रोक लगाएर पत्रकारितामा घाँटी निमोठेको छ; विज्ञापन छापेबापत पाउने आर्थिक सहयोग बन्द गरेर पत्रकारिता पेसामा समस्या निम्त्याउने काम गरेको छ । यसले सञ्चारकर्मीहरूमा उत्साह र आत्मबल होइन निरासा छाएको छ । यही कारण सञ्चारकर्मीहरू आन्दोलितमात्र होइन आक्रोशित छन् ।

पत्रकारिता कुनै पनि लोकतान्त्रिक समाजको आधारशिला हो भने त्यस पेसाप्रति सरकारको नकारात्मक सोच किन ? पत्रकारिता पेसामा लागेर कसैले पद र विज्ञापनको दुरूपयोग गरिरहेको छ; कमिसनको चक्करले जरा गाडेको छ भने त्यसको समाधान गर्नुपर्छ । कुनै पक्षले गरेको कमी कमजोरीकै कारण सबै पत्रकारिता या सञ्चारकर्मीमाथि दोष थोपरेर आर्थिक सहयोग रोक्ने काम बुद्धिमानी होइन । समाजको विकृति र विसङ्गति उजागर गरी जनतालाई सचेत पार्दै आएको पत्रकारिताप्रति सरकारको पूर्वाग्रह किन ? सरकारको असहयोग किन ?

राजनीतिक दलको काम देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु हो भने पत्रकारिताको काम पनि त्यही हो । पत्रकारितालाई आय आर्जन गर्ने बाटो ठान्नेहरू आस्थाको पत्रकारिताको विरोध गर्छन् । कसैको वकालत गऱ्यो भनी उनीहरू दुखेसो पोख्छन् । के सरकारले जे गल्ती गरे पनि आँखा चिम्लेर समर्थन गर्नु नै स्वतन्त्र पत्रकारिता हो ? यसैलाई सत्य मान्ने हो भने सरकारले सरकारी विज्ञापन बन्द गरेर आर्थिक सहयोग रोक्दा सञ्चारकर्मीले किन विरोध गर्नुपऱ्यो ? सरकारको निर्णयको विरोधमा किन सम्पादकीय खाली गर्नुपऱ्यो ? गोरखापत्र १२६ औँ वर्षमा प्रवेश गरेको अवसरमा सरकारले पत्रकारितासम्बन्धी कुनै सन्देशमूलक सूचना प्रवाह गरेन; सञ्चार क्षेत्रमा कुनै उल्लेखनीय काम गरेन । सायद, सरकारलाई सोच्ने फूर्सद छैन । गोरखापत्रले सबै समुदायको साझा पत्रिकाको रूपमा विकास गर्न सकेन । कुनै समाचार ठुलो र सानो दलको आधारमा समाचारलाई स्थान दिइएको हुन्छ । सरकार आफै अन्य पत्रिकालाई विभेद गर्छ । अनि सत्तारुढ दलका नेता, मन्त्री, सांसद र सरकारी पक्षधर पत्रकारहरू तटस्थ पत्रिकाको वकालत गर्छन् । अतः पत्रकारिता क्षेत्रमा देखिएको द्वैधचरित्रको अन्त्य हुनुपर्छ ।

**भाषा...**

नेपालभाषाको पत्रिका ख्वप पौ प्रकाशन गर्दै आएको र नेपाल भाषा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्तिको पनि व्यवस्था गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् वाग्मती प्रदेश संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले वाग्मती प्रदेश सरकारले सरकारी कामकाजी भाषा ऐन २०७९ कार्यान्वयनमा आएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २४ गते भाषा दिवस मनाउने निर्णय गरेअनुरूप बिहीबार प्रदेशभरका सरकारी कार्यालय तथा निकायमा सार्वजनिक बिदा दिइएको बताउनुभयो ।

उक्त कार्यक्रममा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर, नेपाल तामाङ घेदुङका महासचिव जगत डोङ, नेवाः दे दबुका केन्द्रीय अध्यक्ष रश्मिला प्रजापति, प्रदेश सचिव दीपेन्द्र सुवेदी, नेपाल पत्रकार महासङ्घका प्रतिनिधिलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

प्रदेश भाषा दिवसको अवसरमा भक्तपुर क्याम्पसअगाडि दूधपाटीबाट प्रभातफेरी सुरु भई कमलविनायक हुँदै लान्चा फल्चा पुगी कार्यक्रम सम्पन्न भएको थियो ।

न्यालीमा वाग्मती प्रदेशका मन्त्रीहरू, सभासद्हरू, मध्यपुरथिमिका प्रमुख, चाँगुनारायण नगरपालिकाका प्रमुख, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, पत्रकार महासङ्घका प्रतिनिधि, प्रदेश सरकारका कर्मचारी, राष्ट्रिय अनुसन्धान विभाग, जनसमुदाय र पत्रकारहरूको उपस्थिति थियो ।

मुख्यमन्त्री बानियाँले भाषा दिवसको अवसरमा स्मारिका विमोचन गर्नुभएको थियो भने भाषा दिवस कार्यक्रममा विभिन्न मौलिक बाजा र नाचहरू पनि प्रदर्शन गरिएको थियो ।

स्वच्छ शहरः स्वस्थ्य शहर

❖ धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
❖ सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
❖ सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
❖ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
❖ ध्वनि र वायु प्रदूषण कम गरौं,
❖ सडकको समयसमयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा